पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ५ | २०७२ भदौ ४ गते शुक्रबार (Aug 21 , 2015) | मूल्य रू. १०/-

## कांग्रेस महाधिवेशन रणभुल्लमा

काठमाडौं । नेपाली कांग्रेसको १३ औं महाधिवेशन फोरि सर्ने पक्कापक्की भएको छ । संविधान जारी गर्ने मिति सर्दै जाँदा कांग्रेसको महधिवेशन समेत प्रभावित भएको छ । नेताहरू संविधान निर्माणको क्रममा केन्द्रित भएको कारण असोज २ गतेदेखि राजधानीमा हुने भनिएको कांग्रेसको महाधिवेशनको तयारी अहिलेसम्म सुरु हुन सकेको छैन ।

प्रधानमन्त्री एवं कांग्रेस सभापति सुशील कोइरालाले आफू निकट नेताहरू र पदाधिकारीहरूसँग महाधिवेशन सार्ने विषयमा छलफल चलाउँदै आएका र उनी आउँदो फागुन वा चैतमा महाधिवेशन सार्ने पक्षमा रहेका भएपनि वरिष्ठ नेता शेरबहादुर देउवा सहितका देउवा पक्षका नेता लामो समयका लागि महाधिवेशन सार्ने पक्षमा देखिएका छैनन् ।

(बाँकी अन्तिम पेजमा)

# प्रधानमन्त्रीले किन देखे मुलुकै नरहने खतरा ?

काठमाडौं । कांग्रेसका सभासद अमरेशकुमार सिंहले कैलालीबाट थारुहरूलाई तरवार उठाएर पहाडीलाई पहाडतिरै लखेट्न उक्साए । तिनै सिंहले संविधानसभामा एमालेका गृहमन्त्रीलाई सक्छौ भने गोलघरमा थुन भनेर चुनौती दिए । उपेन्द्र यादवले यस्तो संघीयतासहितको संविधान मानिन्न, तराई मधेस आन्दोलनको ज्वारभाटा उठाउँछौं भनेर धम्की दिए भने अझ एक कदम अगाडि बढेर सद्भावनाका राजेन्द्र महतोले कैलालीबाट यो ६ प्रदेश बनाएको कि देश भनेर प्रश्नमात्र गरेनन्, संविधानसभाबाट आफ्ना ६ सभासदको राजीनामा दिएर कार्यालयसमेत मधेसतिर



सारिदिए ।

आन्दोलन बागलुङ, सुर्खेत, कैलालीमा मात्र छैन, जुम्लादेखि कपिलवस्तुसम्म सल्किसकेको छ । आन्दोलन र बिद्रोहको आगो चितवन, सर्लाही, मोरङ, झापा, सुनसरी जतातै दनदनी बलिरहेको छ । कोशी पूर्वका मगुरालीले छुट्टै प्रदेश मागिरहेका छन् । अर्थात संघीयताको संख्या र सिमांकन रामराज्य होइन, महाभारतको युद्ध बनेर आएको छ । सुर्खेतमा तीनजना मारिइसके । सिरहमा राजीव राउत मारिएका छन् र मधेसी दलहरू मधेसमा आन्दोलन चर्काउन मर्नेका परिवारलाई ५० लाख क्षतिपूर्ति दिने घोषणा गरिरहेका छन् । अर्थात पहाडको आगो र मधेसको अशान्तिलाई राज्यले र चार राजनीतिक दलले भ्रम छरेर शान्त बनाउन सक्ने क्षमता गुमाइसके ।

अखण्ड, खण्ड र बिखण्डनका आवाजहरू सडकदेखि संसदसम्म गुञ्जिन थालेपछि राजनीतिक सन्तुलन बिग्रिन थालेको छ । संविधान जारी गर्नैपर्छ भन्ने सबैको मत मिले पनि संविधान जारी हुनै नसक्ने धुवाँ उठ्न थालेपछि प्रधानमन्त्री सुशील कोइरालाको सातो गएको छ । उनले भदौ २ गते बुधवार पत्रकारका सामु प्वाक्कै बोलिहाले- मुलुकै नरहने खतरा भयो ।

(बाँकी अन्तिम पेजमा)

## हिन्दूवादीहरुद्वारा संविधानसभा घेराउ

काठमाडौं । नेपाललाई सनातन हिन्दू राष्ट्र कायम गर्नु पर्ने माग राख्दै सनातन हिन्दू मोर्चाले संविधानसभा अगाडी प्रदर्शन गर्दै घेराउ गरेको छ । तीनकुनेबाट शुरू भएको जुलुसले गौ हत्या बन्द गर, सनातन हिन्दू राष्ट्र कायम गर, धर्म परिवर्तनलाई दण्डनीय बनाउनु पर्ने जस्ता नारा लगाउदै जुलुस संविधानसभा नजिक पुगेर धर्नामा परिणित भएको थियो । प्रदर्शकारीहरूले निषेधित क्षेत्र तोड्न खोज्दा कहीबेर प्रहरीसंग सामान्य दोहोरो झडप समेत भएको थियो । प्रदर्शनकारीहरूले तार-वार सडकमा फ्याले पछि प्रहरीले हस्तक्षेप गरेको थियो । प्रदर्शनपछि आयोजित धर्ना कार्यक्रमलाई संबोधन गर्ने वक्ताहरूले हिन्दू राष्ट्र कायम नगरिए (बाँकी अन्तिम पेजमा)

## कृषि मन्त्रालय भ्रष्टाचारको अखडा

अभियान संवाददाता

काठमाडौं । कृषि मन्त्रालयमा आउने बैदेशिक सहायताका कार्यक्रमहरूमा व्यापक अनियमितता हुने गरेको स्वयं मन्त्रालयले नै स्वीकार गरेको छ । मन्त्रालयले हालै गरेको समीक्षामा एसियाली विकास बैंकसहित विश्व बैंकलगायत अन्य दातृ निकायको आर्थिक सहायतामा परियोजनाहरू अपारदर्शी रहेको र अपारदर्शितामा बैदेशिक भ्रमण, तालिमलगायतका सेवा सुविधाहरू रहेका छन् ।

मन्त्रालयले विदेशी सहयोगमा सञ्चालित परियोजनाहरूमा नेपालका कृषकका आवश्यकताभन्दा दातृ निकायको स्वार्थ अनुसार काम भएको पाइएको छ । अधिकांश परियोजनाहरूमा धेरै प्रतिबद्धता जनाइएता पनि उपलब्धि ज्यादै कम हुने गरेका छन् । कृषि मन्त्रालयले गत आर्थिक वर्षमा २३ अर्ब २८ करोड रूपैयाँ पाएको थियो । त्यसमध्ये २५ प्रतिशतभन्दा बढी



६ अर्ब ३३ करोड रूपैयाँ दातृ निकायबाट आएको थियो । बढी दुरुपयोग दातृ निकायबाटै हुने गरेको मन्त्रलायले ठहर गरेको छ । कृषि मन्त्रालयका मन्त्रीदेखि उच्चतहका अधिकारी बारम्बार विदेश भ्रमणमा जाने गरेका छन् । उनीहरूले आफन्तलाई समेत लिएर विदेश जाने गरेका छन् । मन्त्रालयसँग सम्बन्धित र मन्त्रीका छोराछोरी र मन्त्रीका पिएसम्मलाई विदेश

(बाँकी अन्तिम पेजमा)

## बन्ने भयो पाइपलाइन

अभियान संवाददाता

काठमाडौं । भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइन बनाउने चर्चा पाएको १८ वर्षपछि पाइपलाइन बन्ने निश्चित भएको छ । भारतको मन्त्रिपरिषदले गत बिहीबार पाइपलाइन बनाउने निर्णय गरेपछि पाइपलाइन बन्ने निश्चित भएको हो ।

२०५४ सालदेखि नेपालले उठाउँदै आएको पाइपलाइन निर्माण गर्ने कुरा भारतीय मन्त्रिपरिषद्ले सम्बोधन गरेको हो । सरकारको निरन्तर प्रयासपछि र हालका वाणिज्य तथा आपूर्तिमन्त्री सुनीलबहादुर थापाको अथक प्रयासपछि भारत सरकार पाइपलाइन निर्माण गर्न तयार भएको हो । रक्सौलदेखि अमलेखगञ्जसमम ४१ किलोमिटर पाइपलाइन भारत सरकारले बनाइदिने भएको छ । अमलेखगञ्जदेखि नेपाल आयल निगमको डिपोलाई स्तरउन्नति



गर्न करिब ७५ करोड रूपैयाँ नेपाल सरकारले खर्च गर्ने छ भने तीन अर्ब २० करोड रूपैयाँ भारत सरकारले ब्यहोर्ने छ । भारत सरकारले मन्त्रिपरिषदबाट निर्णय गर्न केही ढिलाई गरेको हुनाले निर्माण कार्य केही पछि सरेको भएपनि

(बाँकी अन्तिम पेजमा)

## वर्षमानलाई कहाँबाट बर्सियो यस्तो सूचना

काठमाडौं । एमाओवादीका सचिव हुन वर्षमान पुन । उनका अनुसार आन्दोलन चर्काउन उक्साउने र आन्दोलनका नाममा २, ३ सयलाई मार्ने सूचना पाएको छु । वर्षमान पुनलाई यस्तो सूचना कुन स्रोतबाट बर्सिन्छ भनेर संविधानसभाका सभासदहरू तीनछक्क परेका छन् ।

कतै एमाओवादी नै आन्दोलन चर्काउन चाहिरहेको त छैन । पहिलो संविधानसभामा जातिवादीलाई उठाएर हिंसा भड्काउने एमाओवादीले यसपटक पनि थरूहट र जातिवादीलाई उठाएका छन् र पर्दापछाडि मधेसीहरूलाई कांग्रेस र एमाले मान्दैनन् भनेर साखुल्ले बनिरहेका खबर आएका छन् । यसैबीच प्रचण्डले ६ होइन, ८ प्रदेश बनाउँ भनेर प्रस्ताव राखेको र प्रधानमन्त्री सुशील कोइराला जुरुक्क उठेर हिडेको खबर भाइरल बनाइएको छ । संविधानका नाममा एमाओवादी कांग्रेस, एमालेको ठूलो पार्टीमा

(बाँकी अन्तिम पेजमा)

# यहाँ 'स्पेश'को कुरा छ



शाश्वत शर्मा खतिवडा

अहिले नेपालको नयाँ संविधान निर्माणको अन्तिम चरणमा छ । त्यसो त, अरू विवादित विषयहरू जस्तै धर्म, थ्रेसहोल्ड (सीमांकन पनि) हरू मिलाउन मस्यौदा समितिले संविधानसभाबाट गत भदौ १ गते बाट आजसम्मको समय पनि पाइसकेको छ र यो पंक्ति लेख्नुन्जेल यी यावत विषयहरूमा घनिभूत छलफल (बताइए अनुसार) पनि चलिरहेको छ । यी सब घटनाक्रम र यसको विकासक्रम अनि यी नेता र यहाँका पार्टीगत पत्रपत्रिकाहरूको भनाई हेर्दा र सुन्दा नयाँ संघीय संरचनाको गणतान्त्रिक संविधान अब बन्छ भन्ने नै लाग्छ । चाहे मधेसवादीहरूले संविधानसभाबाट राजिनामा (?) दिउन् वा चाहे राप्रपा नेपालका सभासदहरूले एकोहोरो 'हिन्दू धर्म'को राग नै किन नअलापुन् ?

कांग्रेस, एमाले र एमाओवादीका नेता र कार्यकर्ताहरूको 'भाषा' सुन्दा यही आउँदो भदौ १५ गते नयाँ संविधान जारी हुन्छ भन्ने विश्वास गर्नुपर्ने बाध्यता छ । ...तर के जारी होला त, नयाँ संविधान ? खासगरी देशभरि सल्किएको 'अखण्ड'को भेल अनि धर्मको नारा (हिन्दूधर्म हुनुपर्छ भन्ने) र मधेसीहरूको मागलाई यत्तिकै छाडेर यथास्थितिमा जारी हुन सक्ला त- संविधान ? त्यसो त, कथित प्रमुख चार दलका चार नेताहरूले सीमाकंनको विषयवस्तुमाथि पुनर्विचार हुने र सबैलाई मान्य (!) हुने गरी संविधान जारी हुन्छ भनेका छन् । तर, आ-आफ्नो पाटीभित्रका शीर्ष नेताहरू नै मस्यौदा समितिले दिएको मस्यौदाभन्दा बाहिर गई आ-आफ्नो क्षेत्रका आन्दोलनरत जनताकै भाषा बोल्न थालेपछि यी सबैमा अझै विवाद छ भन्ने त प्रष्ट बुझिन्छ ।

त, जतिसुकै भने पनि, विवाद ज्यूँका त्यूँ देखिन्छ । अझ आन्दोलनको आयोजनले त्यसमा आगोमा घ्यू थप्ने काम भै भएको छ । तर पनि एकथरि भन्छन्, यो विवाद र त्यो आन्दोलन स्वभाविक हो । जहाँ पनि हुन्छ । यो संविधान जारी नहुन्जेलसम्म रहन्छ, त्यसपछि आफैं मत्थर हुँदै जान्छ । मधेसवादी र हिन्दूधर्मवालाहरू अनि जनजातिहरूलाई पनि विचार पुन्याएर 'साइज'मा ल्याउन सकिन्छ । यो ठूलो कुरै होइन । खासगरी राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्तिहरू नयाँ बन्ने भनिएको संविधानको अहिलेको विषयवस्तुहरुमा सन्तुष्ट छन् भने संविधान नबन्ने कुरै छैन ।

तर होइन, एक अर्काथरी यस्ता विश्लेषकहरू पनि छन्, जो यथास्थितिमा संविधान बन्नै नसक्ने ठोकुवा गर्छन । तिनको तर्क छ, बहुमत नेपाली जनताले

(बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# सीमाकंनले गर्दा चार दलभित्रै व्यापक असन्तुष्टी

*संविधानसभा अन्तर्गत रहेको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति एवं पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले कांग्रेस, एमाले, एमाओवादी र मधेसी जनअधिकार फोरम लोकतान्त्रिकबीच २३ गते मध्यरातमा भएको सहमति अनुसार संवाद समिति अन्तर्गत रहेको विशेष समितिले टुंग्याएको भनिएको जनताको सुझाव सहितको प्रतिवेदन २४ गते संविधानसभाको पूर्ण बैठकमा प्रस्तुत गरेका छन् ।*

*सभापति भट्टराईले प्रतिवेदन प्रस्तुत गर्दा राप्रपा नेपाललगायत मधेसवादी दलहरुले चर्को नाराबाजी गरेका थिए । त्यसो त सहमति गर्ने दलहरुकै सभासदहरु समेत विरोधमा उत्रिए पनि उनीहरुको विरोध सम्बोधन भएन, उल्टो डा.भट्टराईले दुई शब्दको मात्र भए पनि संविधान जारी गरिछाड्ने डंक पिटेर आफ्नै दल र अन्य दलका सभासदहरुलाई रुष्ट बनाएका थिए । कांग्रेस, एमाले, एमाओवादी र मधेसी जनअधिकार फोरम लेकतान्त्रिककै सभासदहरुले उच्चतहका नेताहरुले गरेको सहमति आफूहरुलाई स्वीकार्य नहुने भन्दै ब्यापक विरोध गरिरहेका छन् । चार दलीय सिन्डिकेटले जनताको चाहना अनुसारसंविधान जारी गर्ने डंक पिटेपनि संविधानको पहिलो मस्यौदामा जनताले दिएका नगन्य सुझावहरुमात्र समेटिएका छन् । जनताले मुलुक हिन्दू राज्य नै कामय हुनुपर्छ भन्ने सुझाव दिए पनि त्यो सुझावलाई वेवस्ता गरिएको छ । भट्टराईले संविधानसभालाई बुझाएको प्रतिवेदनमा हिन्दू राष्ट्र र थ्रेसहोल्डका बारेमा केही कुरा उलल्ेख नगरिनुले पनि प्रंमाणित हुन्छ, चार दलका शीर्ष नेताहरु मुलुकलाई पुनः द्वन्द्वमा लैजान लागेका छन् । प्रदेशहरुको सीमाकंन गर्दा वैज्ञानिक आधारमा सीमांकन गरिएको छैन । रुकुम, बाग्लुङ र नवलपरासी जिल्लालाई टुक्राइएको छ भने ६ प्रदेश मध्ये सुदूरपश्चिम प्रदेशलाई ज्यादै ठूलो र भद्दा प्रदेशको रुपमा सीमाकंन गरिएको छ । अहिले नै प्रदेशहरुको सिमांकनलाई लिएर मुलुकभरमै विरोध भइरहेको अवस्थामा दलहरुले आ-आफ्नो पार्टीमा समेत कुनै छलफल र बहसै नगरी नेताहरुको ब्यक्तिगत स्वार्थका लागि सीमांकन गरिएको अरोप कांग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्त्रिककै सभासदहरुले लगाएका हुनाले फेरि यिनै चारदल समेत विभाजन हुन सक्ने सम्भावना बढेको छ ।*

*यिनै चार दलले जनतालाई ढाँट्दै कहिले असार मसान्तभित्रै त कहिले साउन महिनाभित्र संविधान जारी गरिसक्ने उद्घोष गर्दै आएका भएपनि साउनभित्रमा संविधान जारी हुन सकेन । संविधान मुलुकको मुल कानुन भएकोले संविधानले मुलुकका सबै समस्याको समाधान को मार्ग दिन सक्नु पर्नेमा अहिलेमा चारदलीय सिन्डिकेटले तयार पारेर संविधानसभामा प्रस्तुत गरेको प्रस्तावले मुलुकका समस्याहरु समाधान गर्नुको सट्टा मुलुकलाई द्वन्द्वमा लैजान मलजल पुग्ने निश्चित जस्तै देखिएको छ । जनताले मुलुकलाई हिन्दू राज्य कायम नगरेके खण्डमा विद्रो गर्ने आवाज उठिरहेको छ । दिनहुँजसो हिन्दूधर्मावलम्बीहरुले आन्दोलन गरिरहेको अवस्थामा धर्मको बारेमा कुनै निर्णय नगर्नु मुलुकलाई धर्म निरपेक्ष राष्ट्र बनाउने खेलमा लागेका विदेशी दलाल र डलरको खेती गर्ने नेताहरुको चलखेल नै भएको एक राजनीतिक विश्लेषकले बताएका छन् । धर्मकै कारण मुलुकहरु विभाजित भएका छन्, त्यसकारण पनि मुलुकमा जनताले चाहेजस्तो संविधान निर्माण गर्नु दलहरुको कर्तब्य हो । बहुमत जनताको भावनालाई संविधानले सम्बोधन गर्न नसकेको खण्डमा त्यस्तो संविधानको औचित्य पुष्टी गर्न सकिने आधारहरु देखिँदैनन ।  एक धार्मिक नेताले भने, जनताको चाहना अनुसार मुलुक हिन्दू राष्ट्र नै कायम हुनुपर्छ । जनताको भावनामाथि खेलवाड गर्ने अधिकार कसैलाई छैन भन्ने हामीले ठानेका छौं ।*

# हुटिट्याउँले आकाश थाम्दैन डाक्टर साब

देवेन्द्र चुडाल

संविधानसभाले संविधान जारी गर्ने दिनहरू जति जति नजिकिँदै जाँदैछ, त्यतिनै तिव्र गतिमा विरोधका स्वरहरू समेत सुनिन थालिएका छन् । नयाँ संविधान जारी गर्न केही दलका शीर्ष नेताहरूले सक्रियता देखएका भए अहिले यति धेरै विरोधका स्वरहरू देखिने थिएनन् । नयाँ बन्ने संविधानमा सबै जनताका अकांक्षा र इच्छाहरू पुरा हुन सक्ने सम्भावना न्यून देखिएको छ । कहीँ अखण्डको नारा उठेको छ भने केही जिल्ला टुक्राइएको भन्दै जिल्ला नटुक्राउन जनता सडकमा आएका छन् । प्रदेशहरूको सीमाकंनको विवाद अहिलेसम्म मिल्न सकेको छैन । त्यही सीमाकंनको विषयलाई लिएर सद्भावना पार्टीले संविधानसभा नै त्याग्ने घोषणा गरिसकेको छ । विजय गच्छदारले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम लोकतान्त्रिक बाहेकका अन्य सबै मधेसवादी पार्टीहरू विरोधमा उत्रिएका छन् । गच्छदारको पार्टीभित्रसमेत व्यपाक असन्तुष्टी रहेको र उनैको पार्टीका पदाधिकारी नै आन्दोलनमा गएका हुनाले संविधान जारी गर्न अझ केही सयम लाग्न सक्ने सम्भावना बढेर गएको छ ।

नयाँ बन्ने संविधानले मुलुकका सबै समस्याहरू समाधान गर्न नसकेको खण्डमा मुलुकमा फेरि द्वन्द्व हुन सक्ने अवस्था देखिएको छ । पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्मकै जनता सडकमा उत्रिएका छन् । त्यतिमात्र होइन, नेपालको इतिहासमै जुम्ला, हुम्लाजस्ता उत्तरी जिल्लाका बासिन्दाहरू संघर्षमा उत्रिएका छन् । जुम्लामा त केही दिनदेखि स्थायनी प्रशासनले कर्फ्यू आदेश नै जारी गर्नुपर्ने अवस्था सिर्जना भएको छ । यसरी मेचीदेखि महाकाली र उत्तरदेखि दक्षिणसम्ममा विरोधका स्वरहरू गुन्जिएका हुनाले राजनीतिक दलहरूले बेलैमा सडकमा उत्रिएका जनताका मागलाई सम्बोधन नगरेको खण्डमा मुलुक हिंसाको बाटोमा जानसक्ने खतरा बढ्दै गएको छ । मुलुकका ठूला पार्टी भनिएका कांग्रेस, एमाले, एमाओवादी र छैठौं ठूलो पार्टी रहेको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले मिलेर जेठ २५ गते गरेको १६ बुँदे सहमति र त्यही सहमतिका आधारमा साउन २३ गते मध्यरातमा गरिएको सीमाकंनको विवाद नै समस्याको जड हो । संविधानसभामा उपस्थित भएका सबै दलहरूलाई मिलाएर लान नसक्नु कांग्रेस, एमाले र एमाओवादीको असफलता र नालायकीपन नै हो । संविधानसभामा चौथो ठूलो पार्टी रहेको राप्रपा नेपाललाई पूर्णरूपमा निषेध गरिएको छ । स्मरणरहोस्, कांग्रेस, एमाले र एमाओवादीले प्रमुख पार्टीको विल्ला भिराएको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका १४ सभासद रहेका छन् भने राप्रपा नेपालका २५ सभासद रहेका छन् । यहीँ बाट प्रष्ट हुन्छ, फोरम लोकतान्त्रिक कसरी प्रमुख पार्टीको रूपमा दर्ज भयो ? के कांग्रेस, एमाले र एमाओवादीले प्रमुख पार्टीको दर्जा दिएकै भरमा ऊ प्रमुख पार्टीमा दर्ज हुन सक्छ ? पछिल्लो समयमा मधेसी जनअधिकार फोरम नेपाल र संघीय समाजवादी पार्टी एकीकरण भएर संघीय समाजवादी फोरम नेपाल नामक पार्टी गठन भएको छ । उक्त पार्टीलाई निर्वाचन आयोगले समेत मान्यता दिइसकेको र उसका संविधानसभामा १५ सभासद रहेका छन् । तर कांग्रेस, एमाले र एमाओवादीले अन्य दुई ठूला पार्टीलाई वेवास्ता गर्दै निषेधको राजनीति गरेर विजय गच्छदारलाई प्रमुख पार्टीको दर्जामा राख्नुको पछाडि के रहस्य लुकेको छ ? कांग्रेस, एमाले र एमाओवादीले जनताको आदेशलाई अस्वीकार गरेका छन् । लोकतान्त्रिक व्यवस्थामा जनता नै सर्वेसर्वा हुन, जनताको आदेशलाई काट्न सक्ने अधिकार नत संविधानमा लेखिन सक्छ, न त सरकारले कानुन बनाएर गर्न सक्छ ।

पहिलो संविधानासभाले संविधान निर्माण गर्न सकेन । त्यसैले संविधान निर्माण गर्नैका लागि भनेर दोस्रो पटक संविधानसभाको निर्वाचन गराइयो । दास्रो निर्वाचनले राजनीतिक दलहरूको हैसियतमा फेरबदल गरिदिएको छ । पहिलो संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको एमाओवादी दोस्रो संविधानसभाको निर्वाचनमा तेस्रो दलमा खुम्चिन बाध्य भयो । उसले पहिलो निर्वाचनमा प्रत्यक्ष तर्फ १ सय २० सिट जितेको थियो । तर दोस्रो संविधानसभाको निर्वाचनमा प्रत्यक्ष तर्फ केवल २६ सिट मात्र जित्न सक्यो । यदि अहिले कांग्रेस, एमालेले विजय गच्छदारलाई प्रमुुख राजनीतिक दलको दर्जामा राखिरहने हो भने किन उनीहरूले एमाओवादीलाई सबैभन्दा ठूलो पार्टी भनेर स्वीकार नगर्ने ? पार्टीगत स्वार्थ र केही व्यक्तिहरूको व्यक्तिगत स्वार्थलाई लादेर प्रदेशहरूको सीमांकन गरिएको छ । खासगरेर कांग्रेस, एमाले र एमाओवादीका शीर्ष तहका नेताहरूको स्वार्थलाई हेरेर प्रदेशहरूको सीमाकंन गरिएको र केही जिल्लाहरू समेत टुक्राइएको सत्यवास्तविकता हो । राजनीतिक दलहरूले कहिले १०, कहिले १४ त कहिले ८ प्रदेश बनाउने भन्दै जनतालाई त्यसै भ्रमपूर्ण आश्वासनहरू बाँड्दै हिंडेको हुनाले अहिले तिनै नेताहरूकै कारण समस्या सिर्जना भएको हो । कुनै वैज्ञानिक आधार विना नै सीमांकन गरिएको छ । पहिचान र सामर्थ्यलाई स्वकिार गरिएको छैन । पहिला ८ प्रदेशमा सहमति गर्ने चार दलले के कति कारणले फेरि ६ प्रदेशमा सहमति गर्नु पर्‍यो ? त्यसको जवाफ अन्य पार्टीहरूलाई समेत दिएका छैनन् । त्यस विषयमा संविधानसभामा छलफल र बहसै भएको छैन भने कांग्रेस, एमाले, एमाओवादीले र फोरम लोकतान्त्रिकले आ–आफ्नो पार्टीमा लगेर त्यहीबाट निर्णय समेत गराउन सकेका छैनन् । त्यसैले त्यस्ता निर्णयहरूलाई पार्टीका सच्चा कार्यकर्ता र नेताहरूले किमार्थ स्वीकार गर्नु हुँदैन । कुनै अँध्यारो कोठामा बसेर चार पार्टीका ८/१० जना नेताले गरेका निर्णयहरू पार्टीहरूको निर्णय हुनसक्दैनन् । पार्टीको निर्णय हुन त पार्टीको केन्द्रिय समितिले वैधानिक रूपमा निर्णय गर्नु पर्ने कानुनी बाध्यता रहेको छ । तर आजसम्म कुनै पार्टीले वैधानिक रूपमा निर्णय नगरी दुई चार जनाले गरेका निर्णयहरूलाई नै पार्टीको निर्णय भन्दै लाद्न खोजेको हुनाले अब पार्टीभित्र पनि आन्तरिक लोकतन्त्रले ठाउँ पाउनु पर्ने आवश्यकता देखिएको छ । जबसम्म पार्टीहरूमित्र आन्तरिक लोकतन्त्र हुँदैन तबसम्म कुनै पनि पार्टी लोकतान्त्रिक पद्दति अनुसार सञ्चालन हुन सक्दैनन् भन्ने प्रमाण त कांग्रेस, एमाले, एमाओवादी र फोरम लोकतान्तित्रकभित्र देखिएको असन्तुष्टीले नै प्रमाणित गरेको छ ।

संघीय प्रदेशको सीमाकंनलगायत नागरिकताको वियषलाई लिएर सद्भावना पार्टीले संविधानसभा नै त्यागेको छ भने अन्य मधेसवादीदलहरू तराईमधेस लोकतान्त्रिक पार्टी, संघीय समाजवादी फोरम नेपाललगायतका मधेसवादी दलहरूले समेत संविधानसभा त्याग्न सक्ने संकेतहरू देखिएका हुनाले अपूर्ण संविधानसभाले संविधान निर्माण गर्न नसक्ने र कथम कदाचित संविधान निर्माण भएपनि त्यस्तो संविधान लागु हुन सक्नेमा आशंका उब्जिएका छन् । संविधानसभामा संघीयताको मुद्दालाई तत्कालिन मधेसी जनअधिकार फोरम नेपालले प्रवेश गराएको हो । जसले संघीयताको मुद्दालाई संविधानसभामा प्रवेश गरायो, उसैलाई नै संविधानसभाभन्दा बाहिर राखेर निर्माण गरिएको संविधान, संविधानका लागि संविधानमात्र हुने निश्चित छ । अर्कोतर्फ संविधानसभाको दोस्रो निर्वाचन नै बहिष्कार गरेको नेकपा–माओवादी समेत संविधानसभा बाहिर रहेको छ । उसले अहिलेको संविधानसभाले जनताले चाहेजस्तो संविधान बनाउन नसक्ने ठहर गर्दै सर्वदलीय सम्मेलन गरेर त्यहीँबाट संविधानका अन्तर्वस्तुका बारेमा निर्णय गर्नुपर्ने माग राख्दै आएकोमा मधेसवादी दलहरूले संविधानसभा त्याग्नु भनेको कांग्रेस, एमाले, एमाओवादीलाई ठूलो झापड हो । संविधानको पहिलो प्रस्तावित मस्यौदा जनताकहाँ जाँदा जनताले छोटो समयमै उत्साहपूर्वक सुझावहरू दिएका छन् । २/४ घण्टाभित्रैमा लाखौं सुझावहरू आएको स्वयं संविधानसभाले स्वीकार गरिसकेको अवस्थामा जनताले दिएका सुझावका पोकाहरू खोल्दै नखोली चार दलका नेता र कार्यकर्ताहरूले टेलिफोन, एसएमएस मार्फत दिएका सुझावहरूलाई मात्र प्रस्तावित मस्यौदामा समेट्नु भनेको सर्वाभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान हो । जनताले दिएका सुझावहरू नसमेटिने भए सुझावको नौटंकीको अर्थ के ? जनताले अधिक मात्रामा नेपाललाई पुनः हिन्दूराज्य नै कायम गराउनु पर्ने सुझाव दिएका भएपनि एमाओवादी र केही पश्चिमा मुलुलकहरूको दबाबमा मुलुकलाई धर्मनिरपेक्ष राष्ट्र नै राख्ने खतरनाक खेल भएको छ । एमाओवादीका नेताहरू धेरै क्रिश्चियन धर्ममा आस्था राख्ने भएको हुनाले र कंग्रेस र एमालेका केही प्रभावशाली नेताहरू समेत क्रिश्चियन धर्ममा आस्था राखेर डलरको खेती गरिरहेका हुनाले उनीहरू धर्मनिरपेक्षताकै पक्षमा उभिएका छन् । केही समयपहिला एमाओवादी महासचिव कृष्णबहादुर महराले एक सर्वाजनकि कार्यक्रममै उद्घोष गरे, माओवादीले १० वर्षे जनआन्दोलन धर्मनिरपेक्षताकै लागि गरेको र त्यसको लागि केही सहयोग समेत लिएको बताएपछि मुलुकलाई धर्मनिरपेक्ष राष्ट्र बनाउन नेताहरू नै लागि परेका रहेछन् भन्ने प्रमाणित हुँदै गएको छ ।

पूर्वप्रधानमन्त्री एवं संवैधानिक राजनीतिक संवाद् तथा सहमति समितिका सभापति डा.बाबुराम भट्टराईले त गणतन्त्रको अभिन्न अंग धर्मनिरपेक्षता भएपनि त्यसलाई त्याग्न लोकतान्त्रिक र वामपन्थी नेताहरूले आतुरता देखाएको भन्दै कुनै हालतमा पनि धर्मनिरपेक्षता त्याग्न नसकिने बताएका छन् । यसरी मुलुकको प्रधानमन्त्री समेत भइसकेका र तिनै गरिब नेपाली जनताले तिरेको कर खाएर बाँचेका व्यक्तिले ९४ प्रतिशत ॐकार परिवारभित्र रहेका व्यक्तिहरूको अपमान गर्ने गरी हिन्दू धर्म राजा महाराजहरूले चलाएको धर्म हो भन्दै जनतालाई भड्काउन खोज्नु कहाँ सम्मको विज्ञता हो ? हिन्दूधर्म परम्परादेखि चल्दै आएको सनातन धर्म हो । विश्वमा अहिले पनि एक अर्ब २५ करोड जनताले हिन्दू धर्म स्वीकार गरेका छन् । भट्टराईको गणतन्त्रको धर्मनिरपेक्षता अभिन्न पिलर रहेको भन्ने उद्घोष नै गलत रहेको छ । के अमेरिकाको धर्म छैन, बेलायतको छैन ? के अमेरिका गणतन्त्रात्मक मुलुक होइन, त्यहाँका राष्ट्रपतिले संविधानको होइन, बाइबलको सपथ लिने परम्परा रहिआएको छ । प्रोस्टेटाइन धर्म लिएका व्यक्ति बाहेक त्यहाँ अन्यले राष्ट्रपति लगायत अन्य कुनै सरकारी पदमा उम्मेदवार दिन समेत पाउँदैनन् । बेलायतमा राजा रानी हुनका लागि क्याथोलिक हु नुपर्ने कानुनी बाध्यता रहेको छ । बेलायतमा प्रधानमन्त्रीको उम्मेदवार हुनेले पहिला क्याथोलिक धर्म स्वीकार गरेको चर्चको प्रमाणपत्र पेश गर्नुपर्ने बाध्यता रहेको भट्टराईलाई थाहा भएकै हुनुपर्छ । त्यसैले जनतालाई भ्रममा राख्न गणतन्त्रमा धर्मनिरपेक्षता अभिन्न पिलर हो भन्नु हिन्दू धर्ममाथि प्रहार गर्नुबाहेक अन्य केही हुन सक्दैन । त्यसैले भन्न सकिन्छ, गणतन्त्रात्मक मुलुकहरू समेत मुस्लिम धर्म र क्रिश्चियन धर्ममा आवद्ध भएका धेरै देशहरू देखिन्छन् भने नेपालमा मात्र हिन्दू धर्ममा गणतन्त्रात्मक व्यवस्था हुँदैन भन्नु हुटिट्याउँले आकाश थाम्छु भन्नु सरह हो ।

*devendrachudal@gmail.com*

# पहाड उठ्यो, सुदूर जाग्यो, जागेन हिन्दूवाद



राजन कार्की

आफ्नो जिल्ला टुक्रिन दिइन्न, सुदूरपश्चिमलाई अखण्ड राख्छौं, थरूहट हुनैपर्छ, चार दलको मनपरी संघीयता मानिन्न भनेर सिंगै देश सडकमा उर्लेको छ । तर, हिन्दूराष्ट्र हुनैपर्छ भन्ने माग गर्ने राप्रपा नेपाल, हिन्दूराष्ट्र महाभियान, विश्व हिन्दू महासंघ, कालीबाबालगायतका बाबाहरू कोठे भाषण र वक्तव्य क्रान्ति गरेर बसिरहेका छन् । चार दलले भनिसके- संघीयतामा जनताको आवाज संबोधन हुन्छ तर धर्मका विषयमा तलमाथि हुनसक्दैन । भन्नुको तात्पर्य धर्मनिरपेक्षता नै उल्लेख हुनेछ । धर्मनिरपेक्षताकै लागि ठूला दलहरूले शेर्पा र बुद्धमार्गी गुरूहरूलाई समेत सडकमा उतारेर नारा लगाएका छन् ।

हिन्दूराष्ट्र हुनुपर्छ भन्ने एजेन्डा बोकेको राप्रपा नेपालले आफ्नो एजेन्डा नछाड्ने तर संविधान घोषणा गर्न पनि नरोक्ने नरम नीति लिएको छ । यो कस्तो रणनीति हो ? एकपटक संविधानमा धर्मनिरपेक्षता लेखियो र यसले बैधानिकता पायो भने त्यसलाई बदल्न दुई तिहाई बहुमतले मात्र संशोधन गर्न सक्नेछ । यति कुरा बुझिसकेपछि पनि ९४ प्रतिशत ऊँकार परिवारलाई संविधानसभा भवन अगाडि तेर्स्याउन र देशव्यापी आन्दोलन गर्न नसक्ने हो भने हिन्दूधर्मलाई राजनीतिक सिद्धान्त नै किन बनाउनु ? मूल सिद्धान्त त्यही हो र गाई बोकेर संविधानसभामा चौथो राजनीतिक शक्ति बनेको पार्टीले हिन्दूधर्मका लागि यसरी खुट्टा कमाउन मिल्छ ?

दश, पाच प्रतिशत जनसंख्या भएका जाति र आफ्नो क्षेत्रको कमान आफैले राख्नका लागि छातीमा गोली थाप्न तैयार भएका दृश्यहरू देखिएका छन् । चार दलको मिलिभगतमा राज्य जनताको छातीमा गोली हान्दैछ र रक्तपातपूर्ण आतंक मच्चाएर भए पनि आफूले गरेका सम्झौताअनुसारको संविधान जारी गर्ने मनस्थितिमा छन् । यस्तो परिदृश्यले पनि ब्यूँझिन, उठ्न र हिन्दूवादका लागि लड्न नसक्ने हिन्दूहरू जिवन्त छन् भनेर कसरी मान्न सकिन्छ र ?

नारा र भाषणमा, वक्तव्य र कोठे बैठकमा, सञ्चारमाध्यम र व्यक्तिगत भेटघाटमा संविधानमा 'सनातन हिन्दू राष्ट्र' लेख्नैपर्छ, नलेखिए ज्वारभाटा उठाउँछौं भन्ने हिन्दूवादीहरू पुसमाघको ठण्डी लागेको विरामीजस्तो चिस्सिन पुगेका छन् । तात्नेबेलामा चिस्सिनेहरूबाट पात हल्लिएलाजस्तो छैन । लाग्छ, संविधान घोषणा भएपछि हिन्दूराष्ट्र नेपालको नाम सदाका लागि समाप्त हुनेवाला छ । कांग्रेस, एमाले, एमाओवादी र मजफो लोकतान्त्रिक मिलेर 'धर्मपरिवर्तन गर्न पाइने' सुविधासहित मस्यौदालाई नै संविधानको स्वरूप दिने रणनीति बनाइसकेका छन् । यो सब देखेका छन् हिन्दूवादीहरूले तर विरोधको स्वर घन्काउन सकेनन्, हिन्दूराष्ट्र नै चाहिन्छ भनेर सडक आन्दोलन चर्काउन पनि सकेनन् । यो कस्तो हिन्दूवाद हो, जुन वाद चुनाव जित्न वा आफूलाई प्रचारमा ल्याउनमात्र उपयोग भइरहेको छ ।न

भटभटे गालपारा, मुसुमुन्द्रे तालपारा चाल पो देखियो राप्रपा नेपाल र हिन्दूराष्ट्र महाभियानको । मौखिक र लिखित विरोध जनाएर हामीले हिन्दूराष्ट्रका लागि काम गरिरहेका छौं भनेर जनताको आँखामा भ्रम छरे पनि यथार्थमा यी दुबै संगठित शक्ति नेपाललाई हिन्दूराष्ट्रका रूपमा स्थापित गर्न गराउन कमजोर बनेको अनुभूति हिन्दूवादीहरूले गरेका छन् । यसबाहेक अनेक हिन्दूवादी व्यक्ति, संघसंस्था र संगठनहरू नेपाललाई सनातन हिन्दूराष्ट्र बनाउने अभियानमा जुटेका थिए, हिन्दूराष्ट्रका लागि आफूलाई सहादत गर्नसमेत कम्मर कसेका थिए । ती कुनै पनि तत्व यतिखेर संविधानसभा भवन अगाडि देखा परेका छैनन् । संविधानसभा घेरेर राजनीतिक दलहरूलाई तीब्र दबाब दिन अग्रसर देखिदैनन् । हिन्दूराष्ट्र भए पनि ठिक, नभए पनि ठिकको सहनशील मनस्थितिमा पुगेका देखिन्छन् हिन्दूहरू ।

राप्रपा नेपालले दुईपटक रथयात्रा चलायो । देशभरिका हिन्दूआस्था भएकाहरूले व्यापक समर्थन गरे । राप्रपा नेपाललाई जतिसुकै दलीय जगदगी भए पनि ६ लाख हिन्दूवादी मत प्राप्त भयो । जसको प्रतिफल हो- संविधानसभामा राप्रपा नेपाल चौथो बनेको छ । २५ जना सभासदका साथ लिएर राप्रपा नेपाल संविधानसभाभित्र झिनो मसिनो स्वरले हिन्दूराष्ट्रको माग गरिरहेको छ । तर, रथयात्रापछि पशुपतिनाथ परिसरमा उभिएर राप्रपा नेपालले संकल्प गरेको थियो- नेपाल हिन्दूराष्ट्र भएन भने संविधानसभाको पहिलो बैठकदेखि धर्ना दिनेछौं, संविधानसभा चल्न दिनेछैनौं । राप्रपा नेपालले नारा लगाएको सुनियो, बिरोध गरेको पनि सुनियो तर हिन्दूराष्ट्रका लागि संकल्पअनुसारको भूमिका निर्वाह गरेको देखिएन । विश्वेन्द्र पासवान एकजनाले संविधानसभा अगाडि बसेर, सुतेर आफ्नो माग अघि सार्न सक्छन् । मधेसवादी दलहरूले राजधानीलाई नाकाबन्दी गरेर दानापानीका लागि हाहाकार गराइदिन्छौं भनेर धम्की दिइसकेका छन् । राष्ट्रिय मुद्दामा, आफ्नो पहिचान र अस्तित्वको मुद्दामा राप्रपा नेपालल आफूलाई प्रतिवद्धतासहितको सबल पार्न सकेको देखिदैन । राप्रपा नेपाल पनि सत्ताधारी, धर्मनिरपेक्षतावादीहरूको 'बिरोधको आवरणमा समर्थन' गरेको अनुभूति हुनथालेको छ । र, हिन्दूराष्ट्र महाभियान चलाउनेहरू पनि निस्तेज देखिदैछन् । खुलामञ्चमा धर्मसभा गर्ने धर्मभिक्षु, गुरूहरू पनि सडकमा होइन, आआफ्नै मठमा घ्यू र भात खाएर सुतिरहेका छन्जस्तो लाग्छ ।

**हिन्दूराष्ट्र हुनुपर्छ भन्ने एजेन्डा बोकेको राप्रपा नेपालले आफ्नो एजेन्डा नछाड्ने तर संविधान घोषणा गर्न पनि नरोक्ने नरम नीति लिएको छ । यो कस्तो रणनीति हो ? एकपटक संविधानमा धर्मनिरपेक्षता लेखियो र यसले बैधानिकता पायो भने त्यसलाई बदल्न दुई तिहाई बहुमतले मात्र संशोधन गर्न सक्नेछ । यति कुरा बुझिसकेपछि पनि ९४ प्रतिशत ऊँकार परिवारलाई संविधानसभा भवन अगाडि तेर्स्याउन र देशव्यापी आन्दोलन गर्न नसक्ने हो भने हिन्दूधर्मलाई राजनीतिक सिद्धान्त नै किन बनाउनु ?**

सबैलाई थाहा छ, बच्चा रोएन भने आमाले पनि दुध चुसाउँदिन । राजनीति यति धेरै क्रुर भइसकेको छ कि सबल र जबरजस्त आन्दोलन नगरीकन सुन्दै सुन्दैन । राज्य गैंडाको छालाजस्तो भइसकेको छ । भद्र आग्रह राज्यको कानसम्म पुग्दैन । राज्यले जहिले पनि पेलेर जाने र ठोकेर अगाडि बढ्ने परम्परा बसालिसकेको छ । चार दलहरू आफूले सहमति गरेपछि त्यही नै संविधान हो, कानुनव्यवस्था हो भन्ने निरंकूश बनिसकेका छन् । यसकारण हिन्दूहरूको सानो र मसिनो स्वरको आग्रह न चार दलले सुन्छन्, न राज्यले ।

यसकारण हिम्मत छ, दम छ, गर्न सकिन्छ भने हिन्दूहरू एक भएर सडकमा उत्रिनुपर्छ, उतारिनु पर्छ । तबमात्र हिन्दूहरूको शक्ति देखिनेछ, पहिचानको सुरक्षा गर्न राज्य र संविधानसभा बाध्य हुनेछ । अन्यथा गयो भन्दा हुन्छ हिन्दूराष्ट्र ।

कांग्रेसका नेता खुमबहादुर खड्काले संविधान जारी भएका दिन संविधानमा हिन्दूराष्ट्र नलेखिए कडा संघर्षमा उत्रने बताएका छन् । भूकम्पले घर भत्किसकेपछि यिनले हिन्दूराष्ट्रको पुनर्स्थापना गर्नेरे । आखिर यो पनि त सपना हो । हातमा भएको रक्षा गर्न नसक्ने, मरिसकेपछि ब्यूँताउने ? जनताको आँखामा कति भ्रम छर्न सकेको होला ? हिन्दूराष्ट्र हुनै पर्छ भन्नेमा व्यापक जनताको चासो र समर्थन छ तर तिनलाई नेतृत्व दिनेको अभाव छ । जो नेतृत्व दिन सक्छन्, उनीहरू आफैमा अन्यौलग्रस्त देखिदैछन् ।

हिन्दूहरूको जनसमर्थन राप्रपा नेपाललाई पनि पर्याप्त छ । राप्रपा नेपालले इच्छाशक्ति देखायो भने संविधानसभालाई जनघेरामा पार्न सक्छ । ठूलै राजनीतिक चहलपहलको स्थिति सिर्जना गराउन पनि सक्छ । तर, राप्रपा नेपालका अध्यक्ष कमल थापाले भनेका छन्- कांग्रेसका नेता खुमबहादुर खड्काले चलाउँदै आएको हिन्दूराष्ट्र महाभियानमा राप्रपा नेपालको समर्थन छ । नेपाललाई हिन्दूराष्ट्र घोषणा गराउने जो कसैको कार्यक्रममा राप्रपा नेपालको समर्थन र ऐक्यवद्धता रहनेछ । राप्रपा नेपाल आफै हिन्दूराष्ट्रको संघर्षको बिगुल फुकेर अगाडि बढ्न हिचकिचाईरहेको छ ।

हो, राप्रपा नेपालको धरातल भनेकै हिन्दूराष्ट्र हो । यो धरातल कमजोर हुनु भनेको आगामी चुनावहरूमा राप्रपा नेपाल बालुवाको महल ढलेझैं ढल्नु हो । तर, राप्रपा नेपालले संविधानमै नेपाललाई हिन्दूराष्ट्र घोषणा गराउन राष्ट्रिय आन्दोलनको नेतृत्व लिनुपर्छ । खुमबहादुर खड्का अथवा अरू व्यक्ति, संघसंस्था, संगठनका आन्दोलनहरूलाई एकीकृत गर्दै राप्रपा नेपालले हिन्दूराष्ट्रको अभियान चलायो भने त्यो सडकमा र संविधानसभाभित्र प्रभावशाली हुनसक्छ । स्मरणीय के पनि छ भने संविधानसभाभित्र नेपाल हिन्दूराष्ट्र हुनुपर्छ भन्ने पार्टीका सभासदहरू पर्याप्त मात्रामा छन् । तिनको पनि समर्थन भयो भने राप्रपा नेपालको राजनीतिक उचाई कति माथि पुग्छ, ९० प्रतिशत हिन्दूवादीहरूले राप्रपा नेपाललाई दिएको नैतिक र मत समर्थनको सम्मान, आगामी दिनमा दिने आशीर्वादले राप्रपा नेपालको इज्जत कति माथि पुग्छ पुग्छ । यसकारण अध्यक्ष कमल थापाले आफूलाई अँटिलो राजनेताका रूपमा उभ्याउनु बढी आवश्यक देखिन्छ । हिन्दूराष्ट्रका लागि राप्रपा नेपालले जनतालाई साथ लिएर गर्ने हिन्दूवादी आन्दोलन नै राप्रपा नेपालको सुन्दर भविष्य र भावी शासकको दावीसमेत ठहरिनेछ ।

चेतना रहोस्, राप्रपा नेपालले जनतालाई सडक संघर्षमा उतारेर आफू संविधानसभामा हिन्दूराष्ट्र, हिन्दूराष्ट्र भनेर उभिने बेला यही हो । यो अवसर फेरि नआउनसक्छ । एकपटक धर्मनिरपेक्षता लेखिएको संविधान जारी भयो भने त्यसलाई संशोधन गर्ने ताकत अर्को एक युगसम्म अथवा कहिल्यै नआउन सक्छ । स्वेट मार्टेनले भनेका छन्- मौनता के हो ? आलस्यले भरिएको मादक पदार्थको कचौरा हो । राप्रपा नेपालमा आलस्य होइन, जागरूकताको खाँचो छ । महात्मा गान्धीले भनेका थिए- वीरता कसैको इज्जत बचाउनमा छ । आज देशको इज्जत बचाउने जिम्मेवारी राप्रपा नेपालका सामु यक्ष प्रश्नका रूपमा उभिएको छ ।

# प्रदेशले शोषित-पीडितको सपना चकनाचूर

*अरविन्द साह*

देशमा संघीय प्रदेशहरु निर्माण गर्न मधेशलाई ६ टुक्रामा विभाजन गरेको छ । मधेश आन्दोलन र मधेशी जनताको चाहना र भावना विरीत मधेश क्षेत्रलाई टुक्रा-टुक्रा गरी मधेशीको मुटुलाई ठूलो आघात पुर्‍याएको छ । मधेशको मुटुलाई जीवित राख्दै मुटुको अंग-अंगको अप्रेशन गरी अलग-अलग थालहरुमा सजाइएको छ । मधेशको मुटुलाई सर्जरी गर्न खसहरुले देखाएको कार्यकौशलता संसारको कुनै पनि संघवादी मुलुकले अपनाएको देखिँदैन । केन्द्रिकृत शासन प्रणालीमा एउटा सरकारले मधेश क्षेत्रलाई औपनिवेशिक शिकार बनाइएको थियो भने अबको संरचनामा ६ वटा सरकारले मधेश क्षेत्रको दोहन र शोषण गर्नेछन् । मधेशी जनताले समग्र मधेश एक स्वायत्त प्रदेशको लागि गरेको शहादत्त र बलिदानीको उपहास भएको छ ।

मधेशी जनताले ज्यानको आहूति दिँदै मधेश आन्दोलनको बलमा नेपालको अन्तरिम संविधान २०६३ मा संशोधन गरी उल्लेख गरिएको "मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रको जनताको स्वायत्त प्रदेशसहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ ।" यसप्रकार प्राप्त कानूनी अधिकारलाई समेत कार्यान्वयन हुन नदिन खसहरु सुरुदेखि नै विभिन्न प्रकारको जालझेल र षड्यन्त्रहरु रचिदै आएका छन् । परिणामस्वरुप परिवर्तनकारीहरुको बाहुल्य रहेको पहिलो संविधानसभाले संविधान जारी गर्न लाग्दैको अवस्थामा विघटन गराइयो । दोस्रो संविधानसभामा परिवर्तनकारी शक्तिहरुलाई जालझेलद्वारा पछाडि पार्दै आफ्नो बाहुल्य स्थापित गर्न सफल भएको छ । आफ्ना कार्यकर्ताहरुलाई बन्द हडतालमा उतार्दै कहिले अखण्ड सुदूर पश्चिमाञ्चल त कहिले अखण्ड पूर्वाञ्चल त कहिले अखण्ड मिथिला त कहिले उत्तर दक्षिण जोडिएको संघीयताको माग गर्दै पहिचानमा आधारित संघीयताको अस्तित्व नै समाप्त पार्ने काममा लाग्दै आएका छन् । खसहरु हिन्दू राज्यको नाममा भावनात्मक साम्प्रदायिकतालाई खलबलाउँदै केन्द्रिकृत राजतन्त्र व्यवस्था र २०४६७ सालको संविधान ब्युताउँने कोशिसमा पनि रहेको देखिन्छ ।

राजा महेन्द्रको पाँच विकास क्षेत्रको अवधारणालाई ठाउँ दिँदै देशलाई ६ प्रदेश राज्यमा विभाजन गरी मधेशी आदिवासी जनजातिहरुको सपनालाई चकनाचुर पारिएको छ । शोषित पीडित समुदायहरुको पहिचान मेटाउने गरी प्रदेशहरुको सीमांकन २०७२ साल साउन २३ गते शनिबारको राति १२ बजेमा प्रमुख चार दलका शीर्ष नेताहरुले गरेका छन् । जुन नेपाली कांग्रेस र एमालेले सहमतिमा पहिला नै ल्याएका सात प्रदेशको सीमांकन भन्दा पनि खतम रहेको देखिन्छ । अहिले नेपाली कांग्रेस र एमालेले एमाओवादीका अध्यक्ष प्रचण्ड र फोरम लोकतान्त्रिकका अध्यक्ष विजय गच्छदारको असहमतिको बाबजुद पनि ल्याएको मधेशी, आदिवासी, जनजाति विरोधी ६ प्रदेशको सीमांकन सहितको मस्यौदाको व्यापक विरोध भइरहेको छ ।

मधेश/तराई क्षेत्रको पूर्वी जिल्ला सुनसरी, मोरङ र झापालाई उत्तरतर्फको पहाडी जिल्लाहरु इलाम, पाँचथर, तेह्रथुम, ताप्लेजुङ, धनकुटा, भोजपुर, खोटाङ, संखुवासभा, उदयपुर, ओखलढुंगा र सोलुखुम्बुमा मिलाएर १४ जिल्लाको एउटा एक नम्बर प्रदेश उत्तर दक्षिणको विदेशी सीमा छुने गरी निर्माण गरिएको छ । यसको क्षेत्रफल ४८ हजार ५ सय १२ वर्ग किमि र जनसंख्या ४५ लाख ३४ हजार ९ सय ४३ रहेको छ ।

त्यस्तै, मधेशको जिल्ला पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी गरी ८ जिल्लाको मात्र एउटा बिना जलस्रोतको कमजोर दोस्रो प्रदेश निर्माण गरेको छ । यस प्रदेशको क्षेत्रफल ९ हजार ६ सय ६१ वर्ग किमि मात्र रहेको छ भने जनसंख्या ५४ लाख ४ हजार १ सय ४५ रहेको छ ।

त्यस्तै, मधेशका जिल्ला चितवनलाई उत्तरतर्फको पहाडी जिल्लाहरु मकवानपुर, धादिङ्ग, रसुवा, नुवाकोट, सिन्धुपालचोक, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलान्चोक, सिन्धुली, रामेछाप र दोलखा गरी १३ जिल्लाको उत्तर दक्षिण सिमाना छुने गरी समृद्ध शक्तिशाली, खस बाहुल्य तेस्रो प्रदेश निर्माण गरेको छ । यसको क्षेत्रफल २० हजार ३ सय वर्ग किमि र जनसंख्या ५५ लाख २९ हजार ४ सय २२ रहेको छ ।

# संघीयता किन मूल समस्या बन्दैछ

जसले सबै किसिमको अभिनय कुशलता तथा सरलतापूर्वक गर्न सक्दछ, त्यसलाई अभिनेता भनिन्छ । नेपालमा खसवर्गीय राजसत्ताले त्यस्ता धेरै अभिनेताहरूलाई राजनीति गर्न जन्माएका छन् । खसवर्गीय राजनीतिको अकाट्य प्रभाव नेपालको हरेक क्षेत्रलाई कब्जा गरि राखेको छ । परिवर्तनको जस्तोसुकै आँधी आएपनि सो प्रभावलाई काट्न सकि रहेको छैन । देश बेचेर भएपनि खसवर्गीय शासकहरु आफनो प्रभावलाई अक्षुण्ण राख्न प्रयास गर्दै आएको हो । जनअधिकारको जतिसुकै ठूलो आवाज उठेपनि सो आवाजलाई परिणाममुखी हुन नदिन शासकवर्गले सधैंभरि आफनो स्वाभिमानलाई बेचेर शक्तिकेन्द्रसंग मद्दत लिंदै जनताको आवाजलाई दबाउन सफल प्रयास गर्दै आएको हो । नेपाली राजनीतिमा सधैंभरि आफनै एकाधिकार कायम राख्ने खसवर्गीय शासकहरुले मधेशलाई औपनिवेशिक रूपमा दोहन गरेको छ भने देशलाई शक्तिकेन्द्रको बन्धक बनाएको छ । खसवर्गीय राजनीतिको यही चरित्र हो ।

नेपाल दुई महाशक्ति देशको बीचमा सानो देशको रूपमा अवस्थित छ । प्राकृतिक सौन्दर्य तथा ऐतिहासिक महत्वले भरिपूर्ण रहेको नेपाल विश्वभरिनै आकर्षणको केन्द्र बन्यो । विश्वको सर्वोच्च शिखर सगरमाथा हेर्न आउने पर्यटकले नेपाली राजनीतिलाई अछूता रहन दिएन । दक्षिण एशियामा दुई महाशक्ति देश एकैठाउँमा परेकोले यसलाई नजिकबाट हेर्ने अमेरिकन र यूरोपियन जिज्ञासा प्रवल रूपमा बढेका कारण नेपाल सबैको आश्रय स्थल बन्यो । यसमा सबभन्दा बढि तेश्रो महाशक्ति देशको प्रभाव बढ्यो । धनलाभ एकमात्र चरित्र रहेको खस शासकवर्गले शक्तिकेन्द्रलाई आश्रय प्रदान गर्‍यो । नेपाल विस्तारै शक्तिकेन्द्रहरूको उपनिवेश बन्यो । अहिले नेपालमा बाँडिएर रहेका विभिन्न शक्तिकेन्द्रको साँगठनिक उपस्थिति छ । खस शासकहरु यी शक्तिकेन्द्रहरूको एजेन्टको रूपमा काम गरि रहेका छन् । मधेशलाई गुलाम बनाउने यिनी आफैपनि शक्तिकेन्द्रको दासता स्वीकार गरि जीवन यापन गरि रहेका छन् ।

प्राचीनकालमा चीनसंग नेपालको व्यापारिक सम्बन्ध थियो भने बेला मौकामा सीमा विवादका कारण युद्ध पनि गर्नु पर्दथ्यो । विस्तारै यो सम्बन्ध कूटनीतिक घेरामा सिमित भयो । भारतसंग नेपालको प्राचीनकालदेखिनै गहिरो प्राकृतिक सम्बन्ध छ । दुबै देशले परस्पर धार्मिक, साँस्कृतिक, व्यापारिक र राजनीतिक सम्बन्धको आधारमा गहिरो मैत्री सम्बन्ध बनाएको छ । हिमाली श्रृँखलाले घेरिएको कारण चीनसंग भारत जस्तो प्रत्यक्ष सम्बन्ध बनाउन सरल भएन । प्राचीनकालमा भोटसंग व्यापारको लागि दुवै नागरिकको आवत् जावत् देखिन्छ । विसौं शताब्दिमा यो क्रम भंग भई कूटनीतिक सम्बन्धमा सीमित भयो । तर भारतसंगको खुला सिमानाका कारण पारस्परिक दैनिक आवश्यकता परिपूर्ति गर्न आवत जावत् सरल रहेकै कारण सम्बन्ध गहिरिएको हो ।

केही दशक यता चीन आर्थिक समृद्धिको क्षेत्रमा अपार सफलता प्राप्त गरि अमेरिकालाई चुनौती दिन एक पाईला मात्र पछाडि रहेको छ । आर्थिक उन्नतीको सिंढी चढ्दै अहिले विश्वको दोश्रो स्थान हासिल गरेको चीन आफनो उत्पादन बेच्न सारा संसारमा आफनो बाजार खोजि रहेको अवस्थामा छिमेकी देश नेपाललाई कसरी बिर्सन सक्दछ ? नेपालसंग सीमाना गाँसिएकोले अब विस्तारै नेपालमा आफनो शक्ति बढाई रहेको छ । नेपाल सबैको आकर्षणको केन्द्र रहँदै आएकोमा केही वर्षदेखि चीनको प्रभाव तीव्र रूपमा बढ्यो । आफनो सामान बेच्ने बाध्यताले ऊ जहाँ तहाँ जे जे रूपमा पनि उपस्थित देखिन थालियो । नेपाललाई चीनले आफनो उत्पादन भण्डारण गृहको रूपमा प्रयोग गर्ने मनसायले नेपालको बहुमुखी विकास गर्ने योजना लिएर नेपाललाई आफनो प्रभावमा पारि सकेको छ । यसै रणनीति तहत उत्तरी सीमाका नेपालका १५ जिल्लालाई "स्मौल डेभेलपमेन्ट प्रोग्राम" मा पारेर विकास योजना थाली सकेको छ । चीनले आफनो पक्षको वकालत गर्ने सीमा प्रहरीको रूपमा प्रयोग गरिने यो १५ जिल्लाको जनताको समृद्धिबारे चीन जिम्मेवार रहेको कुरा स्पष्ट छ । चीनले कब्जा गरेको नेपालको ठूलो भूभागबारे नेपाली छापामा निस्कि रहँदा नेपाली नै यसको खण्डन गरोस भन्ने उद्देश्यले चीनले यो रणनीति ल्याएको हो ।

धनलाभ र आफनो सत्ताको स्थायित्व एकमात्र उद्देश्य राख्ने नेपालका शासकहरूको लागि यस्ता सुवर्ण अवसर पाउँदा किन चीनको स्वागत नगरोस् । भारतसंग गहिरो सम्बन्धको ढोल पीट्ने शासकहरु चिढिनु पर्‍यो भने भारतसंग नै चिढिन्छन् । दोश्रो संविधान सभाको निर्वाचनमा अभय वरदान पाएका दलहरु त्यसपछिका दिनहरूमा जनादेशलाई वेवास्ता गर्दै संविधान सभालाई प्रतिगमनको बाटो लैजाने मानसिकता बनाए । दोश्रो संविधान सभाको अहिलेसम्मको अवधीमा चीनीयाँ कूटनैतिक व्यक्तिको भ्रमण सबभन्दा बढि देखिएको हो । संविधान सभालाई कसरी लैजाने भन्ने बारेमा चीनबाट पाउने सुझाव नै आफनो उद्देश्यसंग मेल खाने भएकोले यी राजनैतिक दलहरु चीनसंग बढि टाँस्सिएको परिस्थितिले देखाएको छ ।

१८औं सार्क सम्मेलनताका भारतीय प्रधानमन्त्रीले संविधानमा सबैको भावना झल्किने गरि बनाउने सल्लाह दिंदा तीनै दलहरूको "आन्तरिक मामिलामा हस्तक्षेप" भन्ने खालका प्रतिक्रिया आएको थियो । चीनका कूटनैतिक तथा प्रतिनिधी मण्डलले संघीयताको पक्षमा नजान सल्लाह दिंदै आउँदा अन्तमा दिनै परे कोशी, गण्डकी, कर्णाली गरेर तीन प्रदेश मात्र दिने सुझाव नै यी दलहरु अंगीकार गरेका थिए । प्रत्यक्ष रूपमा निर्देशनात्मक सुझावलाई आत्मसात गर्ने तीनै दलका लागि "आन्तरिक मामिलामा हस्तक्षेप" लागेन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पहिलो भ्रमणमा सार्क शिखर सम्मेलनको बेला जनकपुर, लुम्बिनी र मुक्तिनाथको भ्रमण गर्ने आश्वासन दिंदा तीनै ठाउँका जनता आशावादी बनेका थिए । नरेन्द्र मोदीको स्वागतमा करोडौंको लागतमा जनकपुरलाई सजाईएको थियो ।

असलमा जनकपुरभन्दा लुम्बिनीमा मोदीको आगमन रोक्न नेपालमा खिचडी पाक्न थाल्यो । निर्देशित नेपाल सरकारले सुरक्षाको खतरा देखाएर मोदीको सार्क शिखर सम्मेलनका बेला पूर्व निर्धारित तीनै ठाउँको भ्रमण रोक्न सफल भयो । भारतीय प्रधानमन्त्रीको तीनै ठाउँको भ्रमण स्थगित हुनेबारे भारतीय छापाहरूले नियतवश रद्द गरिएको व्योहोरा छाप्यो । सोही व्योहोरा दिएर नयाँ पत्रिकाले पनि छाप्यो । बहालवाला तीनजना मन्त्रीको नाम उल्लेख गरेर आएको समाचारबारे कुनै खण्डन पनि आएन । सार्क शिखर सम्मेलनको बेला निर्देशित यी दलहरु भारतसंग कति चिढिएको थियो, जानकारहरूले विस्तारसंग थाहा पाए ।

मधेश आन्दोलनले माँग गरेको अपाच्य संघीयतालाई नै नेपालको मूल समस्या बनाएर राजनीतिबाट कसरी निकाल्ने भन्ने रणनीतिमा शक्तिकेन्द्रको समर्थन जुटाउन थालियो । चीनसंग आफनो उद्देश्य हुबहु मिल्ने भएकोले यी दलहरु चीनसंग बढी टाँस्सिए । सोही अनुसार संविधानको प्रारम्भिक मस्यौदा तयार भएर जनता समक्ष प्रस्तुत भयो । संघीयतालाई थाती राखेर बनाईएको संविधानको मस्यौदाले जनतालाई तरंगित पार्‍यो । द्वन्द्वको माहौल तयार हुन थाल्यो । आधारहीन संविधानको प्रारम्भिक मस्यौदामा अमूर्त आठ प्रदेशको कुरा गरेर संघीयतालाई बाहिर □याँकिएका कारण सरोकारवाला त रिसाए नै, शक्तिकेन्द्रमा पनि कौतुहलता व्याप्त थियो । आफूले लिएको निर्णयमा शक्तिकेन्द्रले समर्थन गर्ला नै भन्ने आशयका साथ ल्याईएको मस्यौदा जल्न थाल्दा शक्तिकेन्द्रको पनि दबाव बढ्यो ।

हरेक दाव गरेर संघीयतालाई नेपाली राजनीतिबाट अलग गर्ने उद्देश्यका साथ अगाडि बढेका राजनीतिक अभिनेताहरूले नाटकीय ढंगबाट गरेको चार दलीय सहमती टिकाउ हुन सकेन । नेपाली जनतालाई फेरि एकपल्ट अधिकारबाट बञ्चित गर्ने रचिएको साजिशका मतियार बनेका चारदलले मस्यौदा बाहिर ल्याउँदा देशमा आगो बल्यो । संघीयतासहितको संविधान ल्याउन चारैतिरको दबाव बढ्दै जाँदा फेरि अर्को साजिश स्वरूप ल्याईएको सीमाँकनसहितको ६ प्रदेशको ढाँचाले द्वन्द्वलाई अझै भडकाई दियो । हरेक जिल्लामा जनता र पुलिसको झडपमा मानिस मर्न थाले । हरेक जिल्ला तनावग्रस्त बन्न थाल्यो ।

आठ प्रदेशका साथ ल्याईएको मस्यौदा अहिले ६ प्रदेशमा झर्‍यो । प्रदेशहरु पनि खस बाहुल्यताको आधारमा र आफनो क्षेत्र सुरक्षित राखेर उत्तर दक्षिण कोरिएको प्रदेशको खाका लेख्नेबाहेक अरु कसैलाई मान्य भएन । उत्तर दक्षिण गरेर कोरिएको ६ प्रदेशको खाका चीनीयाँ प्रभावको उदाहरण हो । नेपाली राजनीतिमा अस्वाभाविक रूपले प्रवेश गरेको चीनले यी चार राजनीतिक दललाई प्रतिगमनतिर डोर्‍याएको छ । आठ वर्षको संविधान सभाको अभ्यासलाई निरर्थक सावित गरेको छ । जनताको अधिकारलाई कुण्ठित पारेको छ ।




# अन्योलमा कांग्रेसको महाधिवेशन

**मनमोहन भट्टराई**

पहिलो संविधान एवं व्यवस्थापिका संसद्को निर्वाचनका वेला जे जस्तोसुकै कारणले होस् नेपालीले एमाओवादीलाई मत दिए । अन्ततः त्यो सबैभन्दा ठूलो पार्टी हुन पुग्यो । उसैको नेतृत्वले स्वीकार गरेका केही तथ्यलाई केलाउने हो भने उसैको भूलले न त सरकार स्थिर हुन सक्यो, न त राजनीतिक स्थिरताको बोध जनताले गर्न सके । फलतः त्यो चार वर्ष निरर्थक अभ्यासमा बित्यो । समय यस्तो पनि आयो सरकार आफ्नै ठाउँमा बसिराख्यो उसको जवाफदेहिता संसद्प्रति रहेन । एउटा उकुसमुकुसको अवस्था मुलुकले व्यहोर्नु पर्‍यो ।

मुलुकभित्रका र विदेशी मित्रहरूको दबाबमा सरकार फेरियो र एउटा स्वतन्त्र भनिएका प्रधानन्यायाधीशको संयोजकत्वमा मन्त्रिपरिषद् निर्माण भयो, निर्वाचन गराउनैपर्ने वचनबद्धतासाथ । निर्वाचन सम्पन्न पनि भयो । जनताले त्यसपछि आफ्नो मत फेर्दै मुलुकको सबैभन्दा पुरानो दल, खारिएको लोकतन्त्रमा विश्वास गर्ने नागरिक सर्वोच्चतालाई उपल्लो स्थानमा राख्ने नेपाली कांग्रेसलाई सर्वाधिक मतले विजयी गरायो ।

निर्वाचन परिणामपछि कांग्रेस सभापति नै संसदीय दलका नेता चुनिनुभयो । स्वाभाविक रूपमा उहाँ मुलुकका प्रधानमन्त्री पनि हुनुभयो । सरसर्ती हेर्दा उहाँले दुइटा जिम्मेवारी बोक्नुभयो । पार्टी सभापतिको र मलुकको कार्यकारी प्रमुखको जिम्मेवारी । कांग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री भइसकेपछि संविधान निर्माण प्रक्रियालाई सहजता दिनु उहाँको पहिलो जिम्मेवारी देखिन्छ । सँगसँगै पार्टीको नेतृत्व अरू कसैलाई हस्तान्तरण नगरेको स्थितिमा पार्टीलाई अगाडि बढाउने जिम्मवारी पनि उहाँकै काँधमा रह्यो । यसै पनि संविधान निर्माण नितान्त जटिल प्रक्रिया हो । साना-ठूला आन्दोलनलाई सम्बोधन गर्दै केही दिनको पखाइमा मात्र बनेको संविधान पर्याप्त होइन भन्ने माग त मुलुकभर उठेकै हो । तर, यो जटिल कार्यको सम्पादन र पार्टीको जिम्मेवारी दुइटै सम्हाल्न गाह्रो भएको हुनसक्छ पार्टी सभापति र प्रधानमन्त्रीलाई । त्यसैकारणले पनि हुन सक्छ, एउटा लोकतान्त्रिक पार्टीको महाधिवेशन जसले धेरै ठूला कुराको निर्णय लिन्छ, त्यो पनि सर्दै गयो । यसै पनि मह[illegible]वपूर्ण भ्रातृ, भगिनी संगठनहरूको अधिवेशन गर्नबाट चुकेको कांग्रेसले आफ्नो मूल दलकै अधिवेशन पनि पटक-पटक सार्नुलाई स्वाभाविक रूपमा स्वीकार गर्न सकिने विषय थिएन ।

कहिले भूकम्पको चोट, कहिले संविधानको हतारो त कतै अरू दललाई पद बाँडफाँडको चटारो यी सबैका माझमा सभापति निरीहजस्तै देखिनुभयो । संविधान जारी हुनासाथ सरकार छाड्ने उहाँको प्रतिबद्धता भए पनि त्यो लिखित रूपमा जनतामाझ आएको छैन । आफ्नै दलको महाधिवेशनलाई दृष्टिगत गरेर प्रधानमन्त्रीले सभापतिको हैसियत यथावत् राख्दै संविधान निर्माण प्रक्रियालाई विलम्बित गर्दै छन् भन्ने आरोपचाहिँ गम्भीर रूपमा उठिरहेको छ ।

राजनीतिमा प्रतिस्पर्धी र विरोधी दलबीच आरोप-प्रत्यारोप स्वाभाविक हुन्छ । यसबाट अलग बसेर पार्टीको तलदेखि माथिसम्म अब एउटा नेतृत्व चयनको अभ्यासमा जुटौँ भन्ने मानसिकतामा बसेकै हो । तर, ती दिन भने पर सर्दै गए । आधुनिकताको गतिशीलता आत्मसात् गर्दै गएका कांग्रेसजनलाई यो स्वाभाविक रूपमा असजिलो स्थितिको सिर्जना हो ।

संविधान जारी भइसकेपछि संविधान स्वीकार गर्ने र अस्वीकार गर्नेमाझ एउटा द्वन्द्वात्मक स्थिति सिर्जना हुन्छ या गराइन्छ भन्ने पक्षबाट कांग्रेस अनभिज्ञ भने थिएन । तर पनि उसले अधिवेशनको यस्तो मिति तोक्यो, जुनवेला संविधान जारी भइसकेको हुनुपर्थ्यो । भूकम्पको कम्पनपछि संविधानको पहिलो मस्यौदा जारी हुँदासम्म नेपाली जनमानस अर्को कम्पको तयारीमा जुटिसकेको थियो । प्रमुख चार दललाई एउटा स्थानमा राख्ने राजनीतिक दलमाझ भएको १६ बुँदे सम्झौतालाई भूकम्पीय झड्काको सकारात्मक हस्तक्षेप मान्न सकिन्छ । नेपालीलाई १६ बुँदे सम्झौतापछि संविधान आउँछ भन्ने कुरा सुनिश्चितजस्तै भइसकेको थियो । तर, यसलाई द्रुत गतिमा लैजाने अझ पछि आएर अति द्रुत गतिमा लैजाने अभ्यासले धेरै कुरा बिथोलिन पुगे । सँगसँगै नेपाली कांग्रेसको अधिवेशन पनि बिथोलिन पुग्यो । कांग्रेस अब किंकर्तव्यविमूढको अवस्थामा उभिएको छ । अधिवेशनको स्वाभाविक तालिका र सीमांकनले जन्माएको संविधानका विवादका कारण सभापति र प्रधानमन्त्री एउटै भूमिकामा प्रस्तुत हुन अब गाह्रो छ ।

**कांग्रेसभित्रको लोकतन्त्र**

जगैदेखि लोकतान्त्रिक अभ्यास गर्दै केन्द्रसम्मको नेतृत्व निर्धारण गर्ने कांग्रेस पार्टीको परम्परालाई विशृंखलित गर्न मिल्दैन । केही जुलुस र आन्दोलनले मुलुक संकटकै अवस्थामा पुगिसक्यो भन्न पनि मिल्दैन । जगैमा कांग्रेसको लोकतान्त्रिक अभ्यासको सम्भवना पनि यो लथालिंग अवस्थालाई पार्टीको नामले मात्रै धान्न सक्ने स्थिति छैन । एउटा विचित्रको जमात पार्टीभित्र जन्मेको छ । जसले पार्टीको इतिहास, परम्परा, व्यवहार र लोकतान्त्रिक मूल्यलाई नै बुझ्दैन । तिनले यो पार्टी किन र केका लागि

> **निर्वाचन परिणामपछि काग्रेस सभापति नै संसदीय दलका नेता चुनिनुभयो । स्वाभाविक रूपमा उहाँ मुलुकका प्रधानमन्त्री पनि हुनुभयो । सरसर्ती हेर्दा उहाँले दुइटा जिम्मेवारी बोक्नुभयो । पार्टी सभापतिको र मलुकको कार्यकारी प्रमुखको जिम्मेवारी । काग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री भइसकेपछि संविधान निर्माण प्रक्रियालाई सहजता दिनु उहाँको पहिलो जिम्मेवारी देखिन्छ । सँगसँगै पार्टीको नेतृत्व अरू कसैलाई हस्तान्तरण नगरेको स्थितिमा पार्टीलाई अगाडि बढाउने जिम्मवारी पनि उहाँकै काँधमा रह्यो । यसै पनि संविधान निर्माण नितान्त जटिल प्रक्रिया हो ।**

अहिलेलाई देखिँदैन । कार्यकारिणी प्रमुख र पार्टी प्रमुखको जिम्मेवारीलाई पृथकीकृत गर्ने हो भने अधिवेशन धेरै जटिल विषय नहुन सक्छ । तर, त्यसका लागि उपल्लो तहको पार्टी पंक्ति तयार छ या छैन ? यो कांग्रेसभित्र उब्जने र उब्जँदै आएको गम्भीर प्रश्न हो । कांग्रेस पंक्तिको माग अधिवेशन समयमै होस् भन्ने छ । तर, परिस्थिति अनुकूल नभएको भन्ने सोच पनि सँगसँगै छ । तयारीका जटिलता आफ्ना ठाउँमा छँदै छन् । सरसर्ती हेर्दा कांग्रेस महाधिवेशनका लागि तयार देखिँदैन । अझैसम्म मतदाता नामावली टुंगो लाग्न सकेको छैन । यो हुन नसक्नुमा विधिवत रूपमा पार्टी सञ्चालन हुन नसक्नु पनि एउटा जिम्मेवार पक्ष हो । स्वाभाविक रूपमा, विगतका अनुभवले नयाँ पुस्ता कांग्रेसप्रति आकर्षित त देखिन्छ । तर, उसको स्थान कहाँ छ भन्ने निर्क्योल भने हुन सकेको छैन । पुरानो पुस्ता पार्टीको लथालिंग अवस्थाका कारण उदासीन छ ।

**नयाँ पुस्ताको नयाँ ऊर्जा**

नयाँ ऊर्जा जुनसुकै पुस्ताबाट किन नहोस् पार्टीमा नभरी नहुने स्थिति सिर्जना भइसकेको छ । ब्याट्री पुरानो भएकाले त्यसले अब रिचार्ज मागेको छ । नेतृत्वले यसलाई आत्मसात् गर्नैपर्छ, होइन भने निर्मित भो, त्यो पनि जान्दैनन् । इतिहासदेखि आजसम्म पार्टीले सर्वोच्च र सर्वोत्तम के कुरालाई प्राथमिकतामा राख्यो त्योसित पनि सरोकार राख्दैन । राजनीति कसैका लागि पेसा हुन पुगेको छ । राजनीति पेसै हुन सक्दैन भन्ने पनि होइन । हुन सक्छ, यदि त्यो अन्तस्करणको आवाज हो भने । तर, यी कुरा दिवंगत नेतासितै सेलाएर गए । अबको राजनीतिलाई पेसा भन्नु घर चलाउनु या सम्पत्ति आर्जन गर्ने अवसरका रूपमा मात्र बुझ्न थालियो । कांग्रेस मात्रै होइन, अहिले विद्यमान मुलुकका सबै दलमा यो पक्ष प्रबल रूपमा हाबी भएको देखिन्छ । राजनीतिक दल यसैगरी चल्ने हो भने बहुदलीय राजनीतिको भविष्य संकटमा छ भन्न असजिलो मान्नु पर्दैन । कांग्रेस प्रतिबन्धित भएरै ३० वर्षको राजनीति सञ्चालन गर्न सक्ने एउटा बलियो पार्टी हो । त्यो गुण मुलुकमा विद्यमान अरू पार्टीमा देखिँदैन । पानीका फोकाजस्तो जन्मने र फुट्ने दलहरूको उपस्थिति आजको व्यवस्थापिका संसद् र जनमानसमा समेत देखिन्छ । केही मुद्दालाई मात्र लिएर पार्टी जन्मिन्छन्, त्यो मुद्दा किनारा लागिसकेपछि पार्टी यत्तिकै हराउँछन् । राजनीतिको विकास क्रममा यसलाई स्वाभाविक प्रक्रिया नै मान्नुपर्छ । तर, निरन्तरता, सैद्धान्तिक, नैतिक र प्राकृतिक अवस्थालाई गतिशीलता दिन सक्ने पार्टीले मात्रै अन्ततः जनतामाझ एउटा स्थान बनाउन सक्छ । त्यसमा कांग्रेस कहाँ रहन्छ भन्ने नै कांग्रेसका अघिल्तिर आजको सोच हुनुपर्ने हो, तर त्यो देखिएन ।

**अन्योलमा महाधिवेशन**

दूरदर्शिताको अभाव, नेतृत्वको फितलोपन, सिद्धान्तमा आएको विचलन, नैतिकतामा आएको ह्रास यिनै प्रमुख मुद्दा हुन्, जसले गर्दा कांग्रेस पार्टी अहिले आफ्नै अधिवेशन पनि समयमा गर्न नसक्ने अवस्थामा पुगेको छ । त्यसो भए कांग्रेसले अब लिनुपर्ने बाटो के हो ? **अधिवेशन टार्नु वा टाल्नु समस्याको समाधान होइन । मुलुकमा भएको अहिलेको अशान्त स्थितिमाथि दोष थोपरेर अधिवेशन सार्नु कुनै हालतमा उपयुक्त हुँदैन ।** अधिवेशन गर्न पनि सहज छैन । नयाँ संविधानको मस्यौदालाई ध्यानमा राख्ने हो भने पार्टीको विधान अब परिवर्तित हुनुपर्ने स्थिति छ । तर, त्यसका लागि पर्याप्त छलफल केन्द्रीय समितिमा भएको छैन । पटक-पटक केन्द्रीय समितिको बैठक बसे पनि यस विषयले खासै प्रधानता पाएको छैन । संविधानको टुंगो नलागेसम्म पार्टीको विधान संविधानको नयाँ ढाँचाअनुरूप परिवर्तन गर्न पनि त्यति सजिलो छैन । जिल्ला विभाजित छन्, आञ्चलिक अस्तित्व नै नरहने भएको छ, निर्वाचन क्षेत्रको संख्यामा घटबढ हुन सक्छ, मुलुकभित्रै ५, ६ या ८ कति प्रदेश भन्ने टुंगो नलागेसम्म विधानले यी विषयको सम्बोधन गर्न सक्दैन । यो र यीजस्तै धेरै नयाँ विषय नयाँ संविधानले समेट्नेछ । त्यससित बाझिने गरी विधान संशोधनको औचित्य छैन । यस्तो परिस्थितिमा पार्टी अधिवेशन कसरी सम्भव छ ? त्यता सोच राख्नु पनि स्वाभाविक हुन्छ । नयाँ संविधान जारी भइसकेपछि पुराना संविधानका विधि विधान स्वतः खारेज हुन्छन् । यसै विषयलाई लिएर पार्टी अधिवेशन सार्न पनि सकिन्छ । तर, अधिवेशन सारिहाल्नुपर्ने अवस्था भने अहिलेको होइन । सम्भावित भोलिको संविधानलाई ध्यानमा राख्दै पार्टीको विधानमा केही संशोधन या परिमार्जनको सम्भावना खुलै छ ।

आञ्चलिक व्यवस्था नभएको स्थितिमा प्रतिनिधित्व चयन गर्दा यसलाई हटाउन पनि सकिन्छ । समावेशी लोकतन्त्रमा प्रवेश गरिसकेको मुलुकलाई पार्टीले विधान बनाउँदा त्यहीअनुरूप बनाउन पनि सक्छ मात्रै होइन, बनाउनै पर्छ पनि । कांग्रेसको अधिवेशन यी सबै कार्य सम्पादन गर्न केही दिन सार्न त मिल्ला, तर अधिवेशनविहीन वर्तमान नेतृत्वको निरन्तरता भने पार्टी पंक्तिलाई स्वीकार्य देखिँदैन । समस्या जटिल छन्, त्यो जटिलतालाई पार्टीले स्वीकार गर्न सक्नुपर्छ । र, मूलतः पार्टीभित्रको शक्ति पृथकीकरण आवश्यक देखिन्छ । पार्टीमा सभापति जो स्वयं मुलुकका कार्यकारी प्रमुख पनि हुनुहुन्छ, उहाँले पार्टीको जिम्मेवारी अरू कसैलाई सुम्पदा समस्याको एउटा समाधान निस्कन सक्छ । तर, पार्टीभित्रै स्वीकृत विषय फेरि अर्को तगारोका रूपमा यहाँ उभिन पनि सक्छ । बरियताका हिसाबले पार्टीका वरिष्ठ नेता दोस्रो बरियतामा पर्छन् भने पार्टीकै उपसभापति बरियतामा तेस्रो । त्यसो भए सभापतिले आफ्नो शक्तिलाई कोसित बाँड्ने भन्ने जटिल प्रश्न फेरि पनि उपस्थित हुनेछ । यसलाई सभापतिको स्वविवेकमा छोड्दिँदा पनि धेरै फरक पर्दैन । सभापति संविधानका लागि सहजकर्ताको भूमिकामा बसिदिएर पार्टी गतिविधि सञ्चालनको जिम्मेवारी अर्कोलाई सुम्पिदिँदा सबै अन्योल र समस्याको समाधान पाउन सकिन्छ ।

# बन्यो उमाविको प्राविधिक पाठ्यक्रम

काठमाडौं । उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा ११ र १२ को प्रँविधिक विषयको पाठ्यक्रम तयार पारेको छ । पाँचवटा प्राविधिक विषयको पाठ्यक्रम तयार पारी परिषद्ले बुधबार विज्ञहरूसँग छलफल गरेको हो ।

चालू शैक्षिक वर्षमा कक्षा ११ देखि उच्च माध्यमिक तहमा समेत प्राविधिक विषयको पढाइ हुँदै छ । अरू विषयको पढाइ सुरू भए पनि शिक्षा मन्त्रालयले उच्चमाविमा प्रँविधिक विषय पढाउन ढिलो निर्णय गरेका कारण अहिले बल्ल पाठ्यक्रम तयार भएको हो । सिभिल इन्जिनियरिङ, इलेक्ट्रोनिक, कम्प्युटर इन्जिनियरिङ, कृषि विज्ञान र पशु विज्ञान विषयमा पाठ्यक्रम निर्माण गरेको छ ।

परिषद्ले बुधबार पाठ्यक्रम तयार पारी विज्ञ तथा सरोकारवालासँग छलफल गरेको हो । कार्यक्रममा परिषद्का उपाध्यक्ष चैतन्य शर्माले विज्ञका सुझावलाई पाठ्यक्रममा समावेश गरेर अन्तिम रूप दिने बताए । तयार भएको प्राविधिक विषयको पाठ्यक्रम परिषद् बोर्डबाट स्वीकृत भएपछि शिक्षा मन्त्रालयमा स्वीकृतिका लागि पठाउने व्यवस्था छ । मन्त्रालयबाट स्वीकृतिका लागि एक हप्ताभन्दा बढी समय लाग्ने बताइएको छ ।

मन्त्रालयबाट निर्देशन आएपछि परिषद्ले मन्त्रालयले तोकेबमोजिम विश्वविद्यँलयहरू, सिटिइभिटी, मन्त्रालयका प्रतिनिधिसहितको समितिले पाठ्यक्रमको तयारी गरेको हो । उच्च माध्यमिक तहमा प्रँविधिक विषय अध्ययन गर्ने विद्यार्थीलाई त्यसपछिका हरेक गन्तव्यमा बाटो खुला हुने भएको छ । प्राविधिक धारबाट एसएलसी दिएका विद्यँर्थीका लागि यसै शैक्षिक सत्रदेखि उमाविमा सुरू हुन लागेको प्राविधिक विषयको पाठ्यक्रम सबैतिर जान मिल्ने गरी तय गरिएको छ ।

उमाविबाट प्रँविधिक शिक्षा लिएका विद्यँर्थीले एमबिबिएस, इन्जिनियरिङ (बिई), बिएससीलगायतका जुनसुकै क्षेत्रमा पनि जान सक्ने भएका छन् । प्राविधिक शिक्षा पढ्नेले अहिलेको उच्च माध्यमिक तहको जनरल साइन्स अध्ययन गर्नैपर्ने व्यवस्था छ । जनरल साइन्ससहित थप दुई सय पूर्णाङ्कको प्राविधिक विषय पढ्नुपर्ने हुन्छ । उच्चमाविपछि इन्जिनियरिङ अध्ययन गर्न चाहने विद्यँर्थीले फिजिक्सका साथै इन्जिनियरिङका विषयसमेत पढ्नुपर्ने हुन्छ । भोलि रोज्ने फिल्डका आधारमा फिजिक्स, बायो वा केमेस्ट्री विषय अध्ययन गर्न सक्छन् ।

प्रँविधिक धारको कार्यक्रम चलाउन ८५ वटा उच्चमाविले उच्च माध्यमिक शिक्षा परिषद्मा आवेदन दिएका छन् । अहिले उच्चमावि सञ्चालन भइरहेका उमाविले थप कार्यक्रमका लागि स्वीकृति मागेका हुन् । कक्षा ९ र १० मा देशभरका ९९ विद्यँलयले प्राविधिक विषय अध्यापन गराइरहेका छन् ।

Sajha Express (p.) Ltd.
Domestic & INT 'L Courier Cargo Service

Head Office
Hanumansthan, Anamnagar
Po Box 14189 Kathmandu,
Nepal, Tel .4230789 ,4230269

Branch Office
Barnwal Market, Birgunj
Hari Panta (Branch Manager),
Tel. 051-526809 , 9855021524

# नागरिकतामा अप्ठ्यारो स्थिति

*रानीशर्मा तिवारी*

कुनै पनि देशको नागरिकता भनेको कुनै व्यक्ति त्यस देशको नागरिक वा बासिन्दा हो भन्ने प्रमाण पत्र वा आधार हो । कुनै पनि देशले कसलाई सो देशको नागरिकता प्रदान गर्ने र कसलाई नगर्ने भन्ने विषय देश अनुशार फरक फरक हुने गर्दछ । कतिपय देशले त्यस देशमा जन्म हुने सबैलाई नागरिकता प्रदान गर्दछ भने कतिपयले जहाँ जन्म भए पनि आमा वा बुवा सो देशको नागरिक रहेछ भने नागरिकता प्रदान गर्छ ।

अंगिकृत नागरिकताका पनि आ–आफ्नै प्रावधान छन् । तर कुनै देशको नागरिकले विदेशी सँग विवाह गरेका त्यस्तो विवाहितले आफु नागरिक रहेको देशको नागरिकता त्याग गरेका विवाह भएको देशको नागरिकता प्राप्त गर्ने व्यवस्था विश्वका प्रायः सबै देशमा कुनै न कुनै रूपमा रहेको छ । नेपालमा २०१९ सालको सम्बिधानले नागरिकता सम्बन्धी कडा व्यवस्था शुरु गरेदेखि हाल सम्म लागु छ । यस बिचमा मधेशका लाखौं जनताले नेपालको नागरिकता नपाएको मुद्दा २०४७ साल पछी चर्को गरी उठ्यो र विभिन्न चरणमा समाधानको प्रयास पनि गरियो । सो समाधानको क्रममा विदेशीहरूले समेत नेपालको नागरिकता प्राप्त गरेको तर धेरै वास्तविक नेपाली अझै पनि नेपाली नागरिकता पाउनबाट वन्चित रहेको भन्ने आवाजहरु उठ्ने गरेका छन् ।

पछिल्लो पटक नागरिकता समस्या समाधानको नाममा जन्मसिद्ध नागरिकता वितरण हुँदा मधेशका जिल्लामा भन्दा झण्डै दोब्बर नागरिकता पाहाडका जिल्लामा वितरण भए । तर एउटा वर्ग मधेशमा विदेशीले नागरिकत लिएको दावी गरिरहेका छन् । पंचायतकाल त्यसमा पनि राजा महेन्द्रको समयमा नेपाली मुलको नाममा आसाम, दार्जिलिङ्, सिक्किम, कुमाउ, गढवाल लगायतका क्षेत्रबाट पाहाडे (मातृ वा माध्यम भाषा नेपाली भएका समुदाय)लाई नेपालको नागरिकता वितरण गरियो । कतिपयलाई नराम्रो लाग्न सक्छ तर नेपालको व्यापार, साशन सत्ता र कला क्षेत्रमा तिनै विदेशीहरु को राम्रै वर्चश्व छ । तर वास्तविक नेपालीहरु अझै पनि आफ्नै देशको नागरिकता लिन संघर्ष गरिरहेका छन् । अर्को तर्फ नेपाली भाषी समुह भएकै आधारमा लाखौं भुटानीलाई नेपालमा नागरिकता दिने प्रयत्न गरिँदैछ र कतिपयलाई दिई पनि सकिएको छ । भुटानी शरणार्थीका छोराछोरीलाई जन्मको आधारमा नेपालको नागरिकता प्रदान गरी मधेशमा र नेपालमा मधेशी समुदायलाई अल्पमत बनाउने षणयन्त्र गरिएको छ । तर साम्प्रदायिक भावनाले ओतप्रोत नेपाली मुलको अन्ध राष्ट्रवादमा लिप्त केही व्यक्तिहरु मधेशीहरु विदेशीलाई नागरिकता दिलाउन नागरिकता

**पछिल्लो पटक नागरिकता समस्या समाधानको नाममा जन्मसिद्ध नागरिकता वितरण हुँदा मधेशका जिल्लामा भन्दा झण्डै दोब्बर नागरिकता पाहाडका जिल्लामा वितरण भए । तर एउटा वर्ग मधेशमा विदेशीले नागरिकत लिएको दावी गरिरहेका छन् । पंचायतकाल त्यसमा पनि राजा महेन्द्रको समयमा नेपाली मुलको नाममा आसाम, दार्जिलिङ्, सिक्किम, कुमाउ, गढवाल लगायतका क्षेत्रबाट पाहाडे (मातृ वा माध्यम भाषा नेपाली भएका समुदाय)लाई नेपालको नागरिकता वितरण गरियो । कतिपयलाई नराम्रो लाग्न सक्छ तर नेपालको व्यापार, साशन सत्ता र कला क्षेत्रमा तिनै विदेशीहरू को राम्रै वर्चश्व छ ।**

प्रावधानलाई नरम राख्न चाहन्छन भन्ने आरोप लगाउँछन् ।

हाल संविधानको मस्यौदा २०७२ मा भएको नागरिकता सम्बन्धी धाराहरूमा विभिन्न किसिमका आपत्तीहरु देखिएका छन् । मस्यौदामा भएको नागरिकता सम्बन्धी प्रावधानको कुरा गर्दा, वंशजको आधारमा नागरिकता प्राप्ति सम्बन्धी व्यवस्था मस्यौदाको धारा– १२(क) मा "कुनै व्यक्ति जन्म हुदाको वखत निजको आमा र बाबु नेपाली नागरीक रहेछ भने त्यस्तो व्यक्ति" धारा– १३(१) अनुसार नेपाली नागरिकसंग विवाह गर्ने विदेशी पुरुषले १५ वर्ष स्थायी बसोवास गरि विदेशी नागरिकता त्याग गरेमा नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने छ भने १३(२) अनुसार "नेपाली नागरीकसंग विदेशी महिलाले विवाह गरी नागरिकता लिन चाहेमा विदेशी नागरीकता परीत्याग गर्ने कार्यवाही चलाएपछि नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने छ ।" त्यसैगरि धारा १३(३) " विदेशी नागरीकसंग विवाह भएको नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको स्वयम घोषणा गर्ने व्यक्तिले कानून बमोजीम नेपाली अङ्गीकृत नागरीकता प्राप्त गर्ने छ ।"

नागरिकता सम्बन्धी उपरोक्त प्रावधानहरूले नेपाली नागरीकका सन्तान नेपालमै जन्मिएर पनि अङ्गीकृत नागरीकता पाउने र तिनका सन्तान अङ्गीकृत नै रहने विभेदकारी नीति रहेको छ । नेपालमा जन्म हुनेहरूलाइ वंशजको नागरिकता प्राप्त गर्ने अधिकारबाट वञ्चित गरिएको छ । महिला र पुरुष बीच लैङ्गीक समानताका अधिकारलाई समाप्त पारी पुरुष र महिलाबीच विभेद गरिएको छ । नागरिकता सम्बन्धी व्यवस्था निरंकुश राजतन्त्रात्मक शासन प्रणाली र निर्दलिय व्यवस्थामा भन्दा पनि जटिल र कठोर बनाइएको छ । यसबाट लाखौ नेपाली नागरीकहरु नागरिकता विहीन र राष्ट्रियता विहीनको अवस्थामा बाूच्न विवश हुनेछ । नेपाली आमा वा बाबु नागरिक रहेछ भने तिनको सन्तानले वंशजको आधारमा नागरिकता पाउनु पर्दछ । त्यसै गरी जन्मसिद्ध वा अङ्गीकृत नागरिकता प्राप्त गरेका नेपाली नागरीकका नेपालमा जन्मिएका सन्तानले वंशजका आधारमा नागरिकता पाउनु पर्दछ । वैवाहीक अंङ्गीकृत नागरिकताको प्रावधानलाई निरन्तरता दिइनु पर्दछ । त्यसै गरी नेपाली पुरुष सूग विवाह गर्ने विदेशी महिलाले तत्कालै अूगिकृत नागरिकता प्राप्त गर्न सक्ने तर विदेशी पुरुषले नेपाली महिलालाई विवाह गरेको अवस्थामा नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न १५ वर्ष नेपालमा बस्नुपर्ने प्रावधानले संवैधानिक रूपमै लैङ्गिक विभेद गरेको देखिन्छ । हुन यी प्रावधानको वकालत गर्नेहरूले पितृसत्तात्मक व्यवस्था रहेको हाम्रो समाजमा बुहारी लाई घरमा भित्रयाउने तर ज्वाईलाई घरमा ल्याउने नभई छोरीलाई ज्वाईको घरमा पठाउने चलन रहेकोले बुहारी भन्दा ज्वाइूको लागि अलि कडा व्यवस्था राख्नु पर्ने तर्क दिन्छन । तथापी लैङ्गिक समानताको हिसावले यो भेदभाव गरिनु उपयुक्त होईन ।

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा– १२५ मा संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिको लागि जन्म वा वंशजको नाताले नागरिक भएको र अंङ्गीकृत नागरिकका हकमा नागरिकता प्राप्त गरेको कम्तिमा दश वर्ष व्यतित भएको हुनु पर्ने थियो । त्यसै गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा–१५५(२) "यस संविधान वमोजिम नियुक्त हुने संवैधानिक पदहरूमा वंशज वा जन्मका नाताले नेपालको नागरिक भएको व्यक्ति वा अङ्गीकृत नागरिकता प्राप्त गरी कम्तिमा दश वर्ष नेपालमा बसोबास गरेको व्यक्ति मात्र नियुक्तिको लागि योग्य मानिने छ । " तर नयाू वन्ने संविधानको मस्यौदाको धारा–२८२(१) अनुसार" राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायधिश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्य मन्त्री, प्रदेश सभाका सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित, मनोनित वा नियुक्ति हुन वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको हुनु पर्ने छ । (२) उपधारा(१) मा उल्लिखितपद बाहेक अन्य संवैधानिक निकायको पदमा यस संविधान बमोजिम नियुक्तिको लागि योग्य हुन अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको कम्तिमा दश वर्ष, जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको, धारा–१३ को उपधारा(२) बमोजिमको अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको वा नागरिकता त्याग गरी पुनः वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गरेको नागरिकले कम्तिमा पूाच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्ने छ ।" भनी गरिएको व्यवस्थाले नेपालमा राणा शासनकाल, निरङकुश राजतन्त्र, निर्दलीय पञ्चायतकाल मा समेत नभएको नागरिक–नागरिक बीचको यस्तो विभेद मस्यौदाको उक्त प्रावधानले खडा गरेको आरोप विरोधमा रहेकाहरूले लगाएका छन् ।

मस्यौदाको धारा –१९ मा "नेपाली मूलको व्यक्तिलाई कानून वमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैर–आवासिय नेपाली नागरिकता प्रदान गर्न सकिनेछ" भन्ने प्रावधानले नेपाली नागरिकलाई नेपाली मूल र गैर–नेपाली मूलको रूपमा छुट्याई मधेशी मूलका व्यक्तिहरूलाई गैर– नेपाली मूलका रूपमा परिभाषित गर्न शासक जाति र वर्गको नश्लवादी चिन्तन एंव विभेदकारी नीति रहेको आशंका मधेशमा गरिएको छ । यसमा नेपाली मूलको सट्टा नेपाली नागरिक राख्नु पर्दछ भन्ने माग विपक्षीहरूको रहेको छ ।

समग्रमा भन्दा मधेशी समुदायलाई नागरिकता दिने विषयमा राज्यले विगतमा गरेको विभेद र नेपाली मुलको नाममा विशेष समुदायको विदेशीहरूलाई नेपाली नागरिक बनाईएको कारण राज्य फेरी मधेशीलाई नागरिकता लिन अप्ठेरो हुने स्थीति सिर्जना हुने हो कि भन्ने परेको छ । अर्को तर्फ मधेशीलाई जहिले पनि अराष्ट्रिय देख्ने समुदायले जसरी भए पनि मधेशीलाई अप्ठेरो पार्ने प्रावधान राख्न प्रयत्नशिल छन् । यसले राष्ट्रिय रूपमै द्वन्द खडा गर्न सक्छ । तसर्थ वैवाहिक अङ्गिकृत नागरिकता प्राप्तिलाई सहज बनाउनु पर्दछ । वंशज र जन्मसिद्धको सवालमा प्रावधानलाई कडा वा नरम बनाउने भन्दा पनि कुनै पनि नेपाली नागरिक नागरिकता प्राप्ती बाट वञ्चित नहुने र कुनै हालतमा विदेशीले नागरिकता पाउन नसक्ने व्यवस्था गरिनु पर्दछ ।

*(मधेश दर्पण फिचर सेवा)*

---

# महिलाको राष्ट्रियतामा खेलवाड किन ?

*सुजाता ढुंगाना*

वीरगन्जकी २५ वर्षीया प्रेणा तिवारी भोजपुरी चलचित्रमा अभिनय गर्छिन् । भोजपुरी चलचित्रको माध्यमबाट नेपाललाई चिनाउन जति नै महत्वपूर्ण काम गरेको भए पनि प्रेणालाई आफ्नो देशको परिचय बनाउन समस्या भइरहेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले आमा वा बाबुको नामबाट नागरिकता पाउने व्यवस्था गरेको छ । तर पनि उनले आफ्नो राष्ट्रियता प्रमाणित गर्न सकिरहेकी छैनन् ।

अहिले बन्दै गरेको संविधानमा आमा र बाबुको नामबाट मात्रै नागरिकता पाउने व्यवस्था राखिएपछि प्रेणाको नागरिकताप्रतिको आशा झनै मरेको छ । प्रेणाका बाबु भारतीय भए पनि उनको सात वर्षअघि नै मृत्यु भइसक्यो । आमाले गएको ०६३ मा जन्मको आधारमा घुम्ती शिविरबाट नेपाली नागरिकता प्राप्त गरिन् । नागरिकता नपाएर समस्या भोगेकी प्रेणा राहदानी बनाएर विदेशमा हुने चलचित्र छायाङ्कन तथा कार्यक्रममा सहभागी हुनबाट वञ्चित हुँदै आएकी छिन् ।

आफ्ना दुई छोरीको नागरिकता बनाउन सात वर्षदेखि सङ्घर्ष गरिरहेकी ललितपुरकी दीप्ति गुरूङलाई नयाँ संविधानको मस्यौदाले झन् आक्रोशित बनाएको छ । दीप्ति भन्छिन्, 'मैले स्वेच्छाले सन्तान जन्माएँ, बुबाको भूमिका म एक्लै निर्वाह गर्न सक्षम छु । मेरी छोरीलाई मेरो नामबाट नागरिकता दिन किन समस्या ?' नेपालको संविधान २०६३ ले आमा वा बुबाको नामबाट नागरिकता पाउने स्पष्ट कानुनी व्यवस्था गरेको हुँदासमेत छोरीहरूलाई नागरिकता दिलाउन नसकेकी दीप्ति अहिलेको संविधानको मस्यौदाले आफ्नो मुद्दालाई सम्बोधन गर्न नसकेको भन्दै संविधानको मस्यौदा सच्याउन माग गर्दै अरु महिला अधिकारकर्मीसँगै आन्दोलनमा छिन् । छोराछोरीलाई सडकमा फालेर हिँड्दा नागरिकता पाउने देशमा जन्म दिने आमाको नामबाट नागरिकता दिन नपाउने कस्तो कानुन हो ? दीप्तिको प्रश्न छ । दीप्ति र प्रेणा मात्र होइन आमाको नामबाट नागरिकता पाउनुपर्ने भन्दै यतिबेला सिङ्गो नागरिक समाज तथा मानवअधिकारकर्मी आन्दोलनमा छन् ।

अधिवक्ता सविन श्रेष्ठका अनुसार नयाँ संविधानको मस्यौदामा धेरै शब्द नबुझी लेखिएका छन् । यी शब्दको अर्थ भोलि केलाउँदै जाने हो भने समस्या हुनसक्छ । संविधानको मस्यौदाले आमा र बाबु दुवैको नागरिकताका लागि भूमिका महत्वपूर्ण छ भन्ने देखाउन खोजे पनि आमाको नामबाट दिन सक्ने व्यवस्था गरेको अन्तरिम संविधान २०६३ को प्रावधान हटाएको अधिवक्ता सविनलाई चित्त बुझेको छैन ।

महिला मानवअधिकार रक्षक सञ्जालका अध्यक्ष डा. रेणु राजभण्डारीले संविधाानको मस्यौदाले सुरुदेखि अन्त्यसम्म महिलालाई नागरिकको रूपमा स्वीकार नगरेको बताएकी छिन् । उनले भनिन्, 'नागरिकताको मात्र कुरा होइन, महिलाको पहिचानमै समस्या देखायो ।' नेपालको अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेका महिला मुद्दा कटौती भएर आएको भन्दै अधिवक्ता मीरा ढुङ्गाना भन्छिन्, 'बुबाले छाडेर हिँडेका धेरै बालबालिका आमाको नामबाट नागरिकता लिन चाहन्छन्, यसका लागि स्पष्ट व्यवस्था नयाँ संविधानले गर्नुपर्छ ।'

नेपाली काङ्ग्रेसकी सभासद् ओमदेवी मल्ल जोशी संविधानले महिलाका मुद्दालाई बेवास्ता गरेको भन्दै त्यसलाई सच्याउन संसद्मा लबिङ गर्ने बताउँछिन् । नागरिकताका हकमा मात्र नभएर संविधानको मस्यौदाको धारा ४३ (२) ले मौलिक हकमा लैङ्गिक पहिचानको आधारमा भ्रुणहत्या गर्ने कार्य कानुनबमोजिम दण्डनीय हुनेछ । प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक हुनेछ भन्ने व्यवस्था मात्र मौलिक अधिकारमा राखी प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई सीमित गर्ने काम गरेकोमा ओमदेवीको असन्तुष्टि छ । यदि यो मस्यौदा हुबहु पास भयो भने महिलाले प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार पूर्ण रूपमा उपयोग गर्न पाउने छैनन् । ओमदेवी भन्छिन्, 'संसद्को बैठकमा कुरा उठाएका छौं । जनताबीच पनि मस्यौदा जाँदै छ । आशा गरौं मस्यौदा सच्चिएर संविधान बन्नेछ ।'

संसद्को महिला तथा बालबालिका समितिकी सभापति मञ्जुकुमारी झाको विचार फरक छ । झा भन्छिन्, 'संविधानमा पहिले आमा र बाबु भनिए पनि तल 'नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबु पहिचान नभएको व्यक्तिलाई वंशजको आधारमा नागरिकता प्रदान गरिनेछ' भनिएको छ । झाका विचारमा यसले नेपाली आमाले आफ्ना सन्तानलाई नागरिकता दिन सक्छिन्, यसलाई ठूलो रूपमा लिन हुँदैन ।

तर, सभापति मञ्जुको कुरामा असहमति जनाउँदै नेकपा माओवादीका सभासद् अग्नि सापकोटा अहिलेको संविधान लैङ्गिक दृष्टिले समान नभएको बताउँछन् । उनी भन्छन्, 'यो संविधान चित्तबुझ्दो छैन, हामीले नोट अफ डिसेन्ट पनि लेखेका छौं, अन्तरिम संविधान र पहिलो संविधानसभाबाट सुनिश्चित गरिएका कतिपय हक–अधिकारको नै कटौती गरिएको छ । पहिलो संविधानसभामा सहमति भएको पितृसत्ता शब्द पनि हटाइयो । अन्तरिम संविधानले व्यवस्था गरेको आमा वा बाबुको नामबाट नागरिकता दिने प्रावधान हटाएर आमा र बाबु ल्याइयो जसले महिलाका मुद्दा ओझेलमा परेको छ ।' आफूलाई नेपाली काङ्ग्रेस र नेकपा एमालेको नियतमाथि नै शङ्का लागेको सापकोटाको भनाइ थियो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ८ र नागरिकता ऐन २०६३ को दफा ३ ले नेपाली महिलाका सन्तानलाई वंशजको आधारमा नागरिकता प्राप्त गर्न पाउने अधिकार दिएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले गरेको व्यवस्था नै नयाँ संविधानको मस्यौदामा समावेश नभएपछि मस्यौदाको विरोध भइरहेको छ । नागरिकता ऐन २०६३, दफा ३ मा लेखिएको छ, 'कुनै पनि व्यक्तिको जन्म हुँदा निजका बुबा वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपाली नागरिक रहनेछ ।' तर, गएको असार १६ गते सार्वजनिक गरिएको नयाँ संविधानको मस्यौदा २०७२ को धारा १२ (क) ले कुनै व्यक्ति जन्म हुँदाका बखत निजका आमा र बाबु नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्नेछ भन्ने उल्लेख भयो । यसपछि नयाँ संविधानको मस्यौदाले नेपाली आमालाई उपेक्षा गरेको आवाज उठ्न थालेको छ ।

नेपालको जनगणना २०६८ अनुसार नेपाली आमाको कोखबाट जन्म लिएका झन्डै ४३ लाख युवा यतिबेला नागरिकता पाउनबाट वञ्चित छन् । अन्तरिम संविधान २०६३ ले आमा वा बाबुको नामबाट नागरिकता पाउने स्पष्ट प्रावधान राखेको भए पनि त्यो कार्यान्वयन नहुँदा झन्डै नौ लाख नेपाली आमाबाट जन्मेका युवा नागरिकताविहीन छन् । अझ 'वा' को ठाउँमा 'र' भएर आउने हो भने यो सङ्ख्या भयावह भएर जानेछ ।

*(सञ्चारिका खेलमाला)*

## रङ्गीन खबर

# गायिका बनिन् मोडल निरुता



काठमाडौं । दुई वर्षदेखि मोडलिङ क्षेत्रमा सक्रिय निरुता क्षेत्रीले तीज गीत बजारमा ल्याएकी छिन् । हिन्दी तथा भोजपुरी फिल्ममा आइटम डान्सका रुपमा चर्चित निरुताले हिन्दू नारीहरूको महान पर्व तिजको अवसरमा 'मलाई पनि सिकाइदेऊन् पार्वती' नामक गीत ल्याएकी हुन् ।

दुई साताअघि रिलिज भएको निरुताको तीज गीत अहिले चर्चामा छ । शिव विकले निर्देशन गरेको 'मलाई पनि सिकाईदेउन् पार्वती' बोलको गीतमा निरुताले नै नृत्य गरेकी छिन् । गीतमा रमेश बिजीको शब्द र बि बि अनुरागीको संगीत रहेको छ ।

पहिलो गीतले नै राम्रो चर्चा पाएपछि निरुता उत्साहित छिन् । अभिनयसँगै गायनमा लागेकी निरुता गायन र अभिनय दुवैलाई सँगै लैजाने योजनामा छिन् । 'तीज गीतबाट राम्रो प्रतिक्रिया पाइरहेको छु' उनी भन्छिन्, 'पहिलो गीतले नै चर्चा पाएपछि, गायनमा लाग्ने थप हौसला मिलेको छ ।'

नाँच्न मनपराउने निरुता हट आइटम डान्सरका रूपमा परिचित छिन् । सफल हुन् संघर्ष आवश्यक रहेको उनको तर्क छ । त्यसैले आफू कडा संघर्ष गरिरहेको उनी बताउँछिन् ।

---

## मिस मंगोलका प्रतिस्पर्धीले देखाए प्रतिभा

मिस मंगोल नेपाल २०१५ का प्रतिस्पर्धी युवतीले आफूमा निहित प्रतिभा प्रदर्शन गरेका छन् । एक्सन इन्टरटेनमेन्टको आयोजनामा हुँदै आएको प्रतियोगिताको फाइनलका लागि राजधानीमा भएको ट्यालेन्ट राउन्डअन्तर्गत प्रतिस्पर्धी ३१ सुन्दरीले प्रतिभा देखाएका हुन् । प्रतिस्पर्धामा सहभागीले अभिनय, गायन, नृत्य, वक्तृत्वकलालगायतका विधामा आफ्नो प्रतिभा देखाएका थिए । उत्कृष्ट १५ मा पर्न ट्यालेन्ट सोलाई २५ प्रतिशत आधार मानिने आयोजक संस्थाले जनाएको छ । १६ देखि २४ वर्ष उमेरका युवती सहभागी प्रतियोगिताको फाइनल ३० साउनमा प्रज्ञा भवनमा हुनेछ ।

## पशुपतिप्रसाद फेसबुकमा लिक नहुने




निर्देशक दीपेन्द्र के खनालले यसअघि आफ्ना फिल्मको फर्स्ट लुक इन्टरनेट सञ्जालमार्फत सार्वजनिक गर्दै आएका थिए । तर, यसपालि भने उनी 'प्रिन्ट मिडिया'तिर लागे । अर्थात्, उनले नयाँ फिल्म पशुपतिप्रसादको फर्स्ट लुक र रिलिज डेट प्रिन्ट मिडियामार्फत सार्वजनिक गर्ने भएका छन् ।

'कतै वेबसाइटमा नहाल्नुहोला है, पहिला पत्रिकामा आओस्,' दीपेन्द्रले भदौ १ मै जोड दिँदै भने, 'फेसबुकतिर पनि कतै 'लिक' नगर्नुस् है । म पेपरबाट फर्स्ट लुक आउट गर्न चाहन्छु ।' अनलाइन, फेसबुक छोडेर पत्रिकातिर यति धेरै किन लालायित भए दीपेन्द्र ? त्यो भने बुझ्न सकिएको छैन । पशुपतिप्रसाद १५ माघमा रिलिज हुँदै छ । फिल्ममा खगेन्द्र लामिछाने, वर्षा शिवाकोटी, विपिन कार्की, प्रकाश घिमिरेलगायत प्रमुख भूमिकामा छन् ।

## अधिकारीको तिज गीत

मिस्टर बाबु अधिकारीले नयाँ तिज गीत 'सबैभन्दा राम्रो त मेरै बुढीको' ल्याएका छन् । यो गीतको लय, शब्द र स्वर सबै बाबु अधिकारीकै हो । उनलाई गायनमा ऋतु लामाले साथ दिएकी छिन् । गीतमा श्रीमान्-श्रीमतीले एक-अर्कालाई नै राम्रो भन्दै जवाफ दिएका छन् । बाबु अधिकारीकै लोकगीत तर्सिरा'छ मन म्युजिक खबरडटकमको मनोनयनमा पनि परेको छ ।

## निर्देशनमा ऋषि

ऋषि न्यौपाने अहिले २७औं फिल्म निर्देशन गरिरहेका छन् । पछिल्लो समय सबैभन्दा बढी संख्यामाफिल्म निर्देशन गर्ने निर्देशकमा उनको नाम अग्रस्थानमा आएको छ । उनले नयाँ फिल्मको सुटिङ कतिवेला सुरू गर्छन् र कहिले रिलिज गर्छन्, उनी आफैंलाई यकिन हुँदैन ।

'फिल्म बन्छ, रिलिज हुन्छ, भइहाल्छ नि,' उनी



भन्ने गर्छन्, 'यति धेरै हल छन् । फिल्म लागिहाल्छ नि । नेपालमा नभए विदेशबाट पैसा उठ्छ ।' तर, उनका पछिल्ला फिल्मले न स्वदेश, न त विदेशबाटै पैसा कमाएको सुन्न पाइएको छ । उनका फिल्मका नाम पनि गजब-गजबका छन्- लक, ब्रह्म, जाल, जोस, तनाव, झमेला, कमिना, भविष्य, किरियापुत्री, बीच बाटो_। पहिला भने उनले निर्देशन गरेका डन, खलनायक र टक्कर दुई मुटुले राम्रै व्यापार गरेका थिए । 'व्यापार हुँदै गर्छ,' उनको तर्क छ, 'पहिला फिल्म बनाउनुपर्‍यो नि ।'

## कर्पोरेट

## रिलायबल डेभलपमेन्ट १४ करोड नाफामा

रिलायबल डेभलपमेन्ट बैंकले ०७२/७३ मा १४ करोड ३० लाख रूपैयाँ नाफा गरेको छ । यो नाफा अघिल्लो वर्षको भन्दा ९४ प्रतिशत बढी हो । सो अवधिमा बैंकको निक्षेप ४१ प्रतिशतले बढी ६ अर्ब ४९ करोड रूपैयाँ पुगेको छ । १५ वटा शाखाबाट सेवा दिइरहेको बैंकले विज्ञप्तिमार्फत जनाएको छ । ३ हजार ६ सयभन्दा बढी रिलायबल रेमिट र १० जिल्ला रहेको कार्य क्षेत्र रिलायबल माइक्रोफाइनान्स पनि सञ्चालनमा रहेको बैंकले जनाएको छ ।

## सुजुकी फोरह्विलरको डिलर भेला

नेपालका लागि सुजुकी फोरह्विलरको आधिकारिक विक्रेता सिजी मोटरकर्पले वार्षिक डिलर भेला आयोजना गरेको छ । भेलामा विभिन्न स्थानमा रहेका कम्पनीका २८ डिलर प्रतिनिधिले भाग लिएका थिए । कम्पनीका अनुसार, भेलामा सहभागी डिलर प्रतिनिधिले सुजुकी फोरह्विलर बिक्री अवस्थाबारे जानकारी गराएका थिए ।

घरघरमा सुजुकी हर घरमा खुसी नारासहित कम्पनीले डिलरलाई वार्षिक कार्यतालिका बनाउन निर्देशन दिइएको बताएको छ । कार्यक्रममा कम्पनीका म्यानेजिङ डाइरेक्टर अरूणकुमार चौधरीले गत वर्ष सुजुकी फोरह्विलर बढी बिक्री गर्ने भैरहवाको युनाइटेड साई मोटर्सलाई एमडी ट्रफी वितरण गरेका थिए ।

युनाइटेड साई मोटर्सले कम्पनीको नयाँ उत्पादन वेगन आरभिएक्सआई बिक्री गरेबापत र बुटवलमा रहेको अटो मार्ट इन्टरनेसनल सुजुकी अल्टो ८ सय मोटर बिक्री गरेबापत फस्टर रनअपका साथै बेस्ट सर्भिस इन्फ्रास्ट्रक्चर सेवाका लागि पुरस्कृत भएको कम्पनीले बताएको छ ।

## लक्ष्मी बैंक सामाखुसीमा

लक्ष्मी बैंकले काठमाडौंको सामाखुसीमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । सामाखुसीसहित बैंकका शाखा सञ्जाल ४५, २ विस्तार काउन्टर र एटिएम संख्या ५५ पुगेका छन् ।

शाखा विस्तारसँगै बैंकले ग्राहक रोजाइका विभिन्न सुविधा, इन्टरनेट बैंकिङ र मोबाइल फोनमार्फत बैंकिङ सेवा प्रदान गरी सहरी तथा अर्धसहरी क्षेत्रमा ब्रान्ड अनुभव सशक्त पार्ने नीति लिइएको जनाएको छ । बैंकले साना व्यवसाय कर्जा र व्यावसायिक कृषि क्षेत्रमा लगानी गर्ने नीतिअनुरूप मुलुकका विभिन्न क्षेत्रका साना तथा लघु उद्यमी तथा कृषकलाई सरल रूपमा कर्जा प्रवाह गर्नुका साथै व्यवसाय प्रवर्द्धन तथा वित्तीय व्यवस्थापन गरिँदै आएको जनाएको छ । बैंकले चालू आवभित्र थप १० शाखा विस्तारको तयारी भइरहेको बताएको छ ।

## माछापुच्छ्रे बैंकको नाफा ६१ करोड ३४ लाख

माछापुच्छे बैंकले आव ०७१/०७२ मा ६१ करोड ३४ लाख रूपैयाँ खुद नाफा कमाएको छ । आर्जित नाफा अघिल्लो वर्षको तुलनामा करिब १६ करोड रूपैयाँ बढी हो । बैंकको खुद ब्याज आम्दानी बढेपछि नाफामा वृद्धि भएको हो । सोही अवधिमा बैंकले १ अर्ब ३३ करोड ७० लाख रूपैयाँ खुद ब्याज आम्दानी गरेको छ ।

बैंकको खराब कर्जा परिमाण १.७८ प्रतिशतबाट घटेर ०.६४ प्रतिशतमा झरेको छ । बैंकको प्रतिसेयर आम्दानी २० रूपैयाँ ७९ पैसा, प्रतिसेयर बजार मूल्य ५९६ रूपैयाँ, मूल्य आम्दानी अनुपात २८.६७ गुना, तरलता अनुपात ११.०२ प्रतिशत, प्रतिसेयर नेटवर्थ १३८ रूपैयाँ ६५ पैसा छ ।

## नारायणी नेसनलको नाफा सवा १८ करोड

नारायणी नेसनल फाइनान्सले आव ०७१/०७२ मा १८ करोड ३० लाख रूपैयाँ नाफा आर्जन गरेको छ । अघिल्लो वर्ष कम्पनीले १८ करोड १९ लाख रूपैयाँ नाफा कमाएको थियो । अघिल्लो वर्ष १२ करोड ४५ लाख रूपैयाँ राइट ब्याक गरेका कारण कम्पनीको नाफा उच्च थियो ।

गत वर्ष कम्पनीको खुद ब्याज आम्दानी अघिल्लो वर्षको तुलनामा ६ करोड रूपैयाँ बढेपनि राइट ब्याक रकम २ करोड मात्र रहेको छ ।

कम्पनीले सोही अवधिसम्म ६ अर्ब २१ करोड ५ लाख रूपैयाँ निक्षेप संकलन गरी ५ अर्ब ४४ करोड १८ लाख रूपैयाँ कर्जा प्रवाह गरेको छ । अघिल्लो वर्षको असारमा ५ अर्ब १ करोड २५ लाख रूपैयाँ निक्षेप संकलन भई ४ अर्ब ४९ करोड ११ लाख रूपैयाँ कर्जा प्रवाह भएको थियो ।

## तिनाउ बैंकको १८.५ लाभांश

बुटवल/ रूपन्देहीको बुटवलमा मुख्य कार्यालय रहेको केन्द्रीय कार्यालय रहेको तिनाउ विकास बैंक सञ्चालक समिति बैठकले आव ०७१/७२ को मुनाफाबाट सेयरधनीलाई १८.०० प्रतिशत बोनस सेयर र कर प्रयोजनार्थ ०.९४७३६८ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

लाभांश वितरण राष्ट्र बैंकको स्वीकृतिमा बैंकको आगामी साधारणसभाले निर्णय गरेपछि कार्यान्वयन हुनेछ । गत आवमा बैंकले २ अर्ब ३८ करोड निक्षेप संकलन तथा १ अर्ब ८१ करोड कर्जा लगानी गरी ६ करोड ४० लाख सञ्चालन मुनाफा आर्जन गरेको छ । बैंकको चुक्ता पुँजी १८ करोड ५१ लाख पचास हजार रहेकामा लाभांश वितरणपछि चुक्ता पुँजी २१ करोड ८४ लाख ७७ हजार पुग्नेछ । रूपन्देही, नवलपरासी र चितवन जिल्ला कार्यक्षेत्र भएको बैंकका ११ शाखा सन्जाल छन् ।

## कांग्रेस...

देउवा पक्षका एक नेताका अनुसार उनीहरू ढिलोमा दशैं तिहार र छठ पर्व लगत्तै महाधिवेशन गर्ने अडानमा रहेका छन् । नेपालको अन्तरिम संविधानमा राजनीतिक दलले ५ वर्षभित्रमा महाधिवेशन गर्नुपर्ने व्यवस्था गरेको छ, तर कांग्रेसका केही नेताहरू नयाँ बन्ने संविधानबाट त्यो व्यवस्था हटाउने पक्षमा जुटेका छन् । उनीहरूका अनुसार नयाँ बन्ने संविधानमा असामानय स्थितिमा एकवर्षसम्म म्याद बढाउन सकिने व्यवस्था राख्ने प्रयास उनीहरूले गरेका छन् ।

कांग्रेसको महाधिवेशन हरेक ४ वर्षमा हुनुपर्ने नियम छ । पार्टीको विधान अनुसार विशेष कारण देखाएर १ वर्षको सयम बढाइएको छ । अधिवेशन नभएको असोजमा ५ वर्ष पुरा हुने भएपछि नयाँ बन्ने संविधानमा एकवर्षको म्याद बढाउन अन्य दलसँग सहमतिको प्रयास गर्ने र सहमति नभएको खण्डमा बाधा अड्काउको माध्यमबाट समय थप गर्ने तयारीमा शीर्ष नेतृत्व तह जुटको छ । त्यसका लागि बढीमा ६ महिनाको समय थप्न निर्वाचन अयोगसँग छलफल भएको कांग्रेसका एक नेताले बताएका छन् । उनका अनुसार भूकम्प र संविधान निर्माणलाई देखाएर अयोगसँग छलफल गरिएको बताउँदै त्यसविषयमा हालसम्म कुनै निर्णय भने भएको छैन । असोज २ गतेदेखि ५ गतेसम्म महाधिवेशन राजधानीमा गर्ने मिति तय भएको थियो । त्यसका लागि स्थानीय तहको अधिवेशन भदौ १७ गतेदेखि गर्ने कार्यतालिका भएपनि कांग्रेसका नेताहरू महाधिवेशन प्रतिनिधि हुनका लागि स्थानीय तहबाटै निर्वाचित भएर आउनु पर्ने र हाल कांग्रेसका ३५ जिल्ला सभापतिहरू सभासद रहेका हुनाले स्थानीय निर्वाचन सम्भव नभएको हो । संविधान जारी नभएसम्म सभासदहरूलाई राजधानी नछाड्न पार्टीले निर्देशन दिएको छ । संविधान कहिले जारी हुन्छ त्यो टुंगो लागी नसकेको र भदौ १७ गतेदेखि सुरू हुने भनिएको स्थानीय तहको निर्वाचन असम्भव भएको हो ।

अर्कोतर्फ संविधान जारी भएलगत्तै समेत कांग्रेसको महाधिवेशन गराउन अप्ठ्यारो देखिएको छ । संविधान जारी भएको एक महिनाभित्रैमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखको निर्वाचन गराउन दलहरू सहमत भएका हुनाले त्यसबेला नेताहरूको ध्यान महाधिवशेनमा भन्दा राज्यसत्ताका पक्षमा जाने भएको र संविधान जारी पश्चात पार्टीको संचरना पनि त्यसै अनुरूप परिवर्तन गर्नुपर्ने भएकोले त्यो अझ संकटपूर्ण रहेको र विधान संशोधन गर्न समेत कांग्रेसले हालसम्म विधान समिति समेत गठन गर्न नसकेको हुनाले कांग्रेसको महाधिवेशन कहिले गर्ने भन्नेमा नेताहरू रणभुल्लामा परेका छन् । कतिपय जिल्लाहरूमा क्रियाशील सदस्यताको विवाद टुंगो समेत नलागिसकेको क्रियाशील सदस्यहरूको सूचि नै नरहरि आचार्य संयोजक रहेको समितिले बुझाउन नसकेको हुनाले बढी विवादित भएका जिल्लामा १२ औं महाधिवेशनकै सदस्य सूचिलाई कायम राख्ने निर्णय गरेर महाधिवेशनलाई रणभुल्लमा राखेका छन् ।

## प्रधानमन्त्रीले...

केही सभासद, केही राजनीतिक दलका नेताले चार दलको प्रस्तावलाई नकार्नसाथ मुलुकमाथि कसरी संकट आयो ? मुलुकै नरहने खतरा प्रधानमन्त्रीले कसरी देखे ?नेपाल रहन्न भने नेपाललाई भारतले खान्छ कि चीनले ? प्रधानमन्त्रीले जिब्रो चपाएका छन् ।

हो, संघीयता भनेको स्वर्ग भनेर प्रचार गर्नेहरूले जनतालाई संघीयताको विषयमा बुझाउन सकेनन् । नेताहरूको असक्षमताका कारणले संघीयता र सिमांकन 'मन्दविष' कै रूपमा देशव्यापी महामारी फैलिसकेको छ । तथापि बुझाउने राजनीतिक दलहरूले नै हो । नमिलेका मिलाउने र हिमाल, पहाड, तराईलाई सन्तुष्ट पार्ने कर्तव्य पनि राजनीतिक दलहरूकै हो । स्वार्थभन्दा माथि उठेर राष्ट्रको पुनर्सरचना गर्ने हो भने अहिले पनि प्रधानमन्त्री सुशील कोइरालाले भनेजस्तो देशै नरहने खतरा छैन । यो त प्रधानमन्त्री कहालिएकोमात्र हो । नेपाली देशभक्त छन् र कुनै हालतमा देश बिखण्डन हुनबाट जनताले नै बचाउनेछन् । चार दलले गल्ती गर्दा देशले मूल्य चुकाउनु नपरोस्, यसका लागि सच्चिन र सुधारिन चार दलले पर्छ । जनतामाथि गोली बर्साउन छाडेर जनमतको कदर गर्न अग्रसर हुनुपर्छ । विज्ञहरू यस्तै विश्लेषण गरिरहेका छन् ।

## हिन्दूवादीहरूद्वारा...

सरकारले गम्भिर मुल्य चुकाउनु पर्ने चेतावनि समेत दिएका थिए । धर्ना कार्यक्रमका वक्ता सनातन हिन्दू मोर्चाका अध्यक्ष डा. माधव भट्टराई, उपाध्यक्ष डा. लोकराज पौडेल, प्रवक्ता पुष्पराज पुरूष, विश्व हिन्दू महासंघ समितिका अध्यक्ष निलप्रसाद भण्डारी, अमर्चायद्वय सन्तोष वाशिष्ठ, लक्ष्मण पन्थी र राप्रपा नेपालका तारानाथ लुईटेलले सनातन हिन्दू राष्ट्र आफूहरूको बटमलाईन भएको धारणा राखेका थिए ।

सरकारले यदि शान्ति पूर्ण प्रदर्शनले नसुने आगामी दिनको कार्यक्रम निकै नै आक्रामक र शसक्त रूपमा हुने दावी उनीहरूले गरेका थिए । मोर्चाका प्रवक्ता पुष्पराज पुरूषले सरकारले जनताले दिएको सुझावको अपमान गरेको बताए । ,देशभरमि संविधान मस्यौदाको सुझाव लिनेक्रममा नेपाली जनताद्वारा हिन्दू राष्ट्रको पक्षमा प्रचण्ड रूपमा सुझाव दिदा ठूला दलले धार्मीक स्वतन्त्रताको नाममा हिन्दूवादीहरूलाई अलमल्याएउन खोजेको आरो लगाएका थिए ।

## कृषि मन्त्रालय...

भ्रमणमा जान अनुमति दिने गरेको मन्त्रालय सत्रुले दाबी गरेको छ ।

कतिपय दातृ नियकाहरूले सञ्चालन गरेका कार्यक्रमहरू कृषकका पहुँचभन्दा बाहिर रहेका छन् । गतवर्ष मात्र ७५ वटै जिल्लामा दातृ नियकाले १५ वटा कार्यक्रम गरेका थिए, तर त्यस्ता कार्यक्रमहरूमा कृषकको उपस्थिति न्यून हुने गरेको र बजेट सक्नैका लागि मात्र त्यस्ता कार्यक्रमहरू गर्ने गरिएको छ । गतवर्ष मात्र तत्कालिन कृषिमन्त्री हरि पराजुलीसहित ३ सय ८० जनाले विदेश भ्रमण गरेका थिए ।

असार १५ गते धान रोपाईंमा महिलामाथि दुर्व्यवहार गरेको आरोपमा राजिनामा दिएका पराजुलीले आफ्ना छोरालाई साउन ४ गते सरकारी टोलीमा समावेश गराएर अष्ट्रेलिया पठाएका थिए । १० जनाको जम्बो टोलीमा पूर्वकृषिमन्त्रीका छोरा गृमाविक्रम पराजुलीलाई समावेश गराइयो । उनी सरकारी कर्मचारी भने होइनन् । त्यस भ्रमणको लागि २४ लाख रूपैयाँ दुग्ध विकास बोर्डले व्यहोरेको थियो भने मन्त्रीका छोराको खर्च दुग्ध विकास संस्थानलाई तिर्न दुग्ध विकास बोर्डले पत्र पठाएको छ ।

तत्कालिन मन्त्री पराजुली सरकारी खर्चमा ६ पटक र एफएओको खर्चमा २ पटक गरी गतवर्ष ८ पटक विदेश भ्रमणमा गएका थिए । उनले आफ्ना छोरलाई दुधमा हुने कोलिफर्मको अध्ययन गराउन पठाउने पराजुलीले आफ्नो सचिवालयमा कार्यरत एमाले निकट गोकर्ण अर्याललाई दुई पटक थाइल्यान्ड र १ पटक फिलिपिन्स सरकारी खर्चमै पठाएका थिए । त्यसैगरी स्वकीय सचिव सुदीप खतिवडालाई पनि आफ्ना छोरासँगै सरकारी खर्चमा अष्ट्रेलिया र इटाली पठाएका थिए ।

मन्त्री भएकै दिन वैदिशक अयोजनाको चर्को विरोध गरेका पराजुलीले विदेश भ्रमणको कार्यक्रममा विषय र विज्ञलाई अवसर नदिएर आफ्नै नातागोता र आफ्नै कोटरीका कर्मचरीलाई मात्र अवसर दिएर मन्त्रालयलाई आफ्नो पेवा सम्झिएका थिए । दातृ निकायको विरोध गर्ने पराजुलीले तिनै दातृ निकायको निगाहमा आफन्तहरूलाई विदेश भ्रमणमा लान दबाब दिने गरेका थिए । यसरी मन्त्री नै पिच्छे मन्त्रालयलाई लुटको अखडा बनाउँदै गए मुलुकको अवस्था कस्तो होला ? तिनै मन्त्रीलाई मन्त्रालयका सचिवले हालै भव्य बिदाई गरेका छन्, वाह ! सचिवज्यू ।

## बन्ने भयो...

अब भने पाइपलाइन निर्माण हुने निश्चित भएको छ । भारतीय मन्त्रिपरिषद्ले निर्णय गर्नुभन्दा अगाडी नै भारतीय आयल निगम र नेपाल आयल निगमबीच सम्झौता भइसकेको थियो ।

रक्सौलदेखि अमलेखगञ्जसम्म ४१ किलोमिटर लामो पाइपलाइनमा नेपालको ३९ किलोमिटर भूभाग पर्छ । भारत सरकारले आफ्नो खर्चमा पाइपलाइन बनाइदिएपछि भारतीय आयल निगमसँग १५ वर्षसम्म नेपालले पेट्रोलियम पदार्थ खरिद गर्नुपर्ने सर्त रहेको छ । अहिलेसम्म नेपाल आयल निगमले भारतीय आयल निगमसँगै पेट्रोलियम पदार्थ खरिद गर्ने गरेको छ । गत वर्ष भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउँदा लामो समयसम्म नेपालले माग गरेको तर अड्केर बसेको पाइपलाइन निर्माण गरिदिने प्रतिबद्धता गरेनुसार हालै भारतीय मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको र त्यही निर्णयलाई कार्यान्वयन गराउन भारतीय पेट्रोलियममन्त्री धर्मेन्द्र प्रधान भदौ ६ गते नेपाल भ्रमणमा आउने भएका छन् । ७ गते भारतीय मन्त्री र नेपालका वाणिज्य मन्त्रीबीच यसै विषयमा सम्झौता हुने भएको छ । सम्झौता भएको दुई वर्षभित्रमा निर्माण कार्य सम्पन्न हुने छ । नेपाल आउने ७० प्रतिशत पेट्रोलियम पदार्थ रक्सौल नाकाबाट नेपाल आउने गरेको छ । पाइपलाइन निर्माण पश्चात पेट्रोलियम पदार्थको चोरीलगायत अन्य कार्य स्वतः बन्द हुने भएको छ ।

## वर्षमानलाई...

कैंची लगाउन र आफ्नो साख बढाउने राजनीति खेलिरहेको आशंका कांग्रेस खेमाभित्र फैलिसकेको छ ।

सत्तामा छ, कांग्रेस एमाले । जनतामा फैलिएको असन्तोष र आन्दोलनमा राज्यले गोली हानिरहेको छ र ४ जना मरिसके, सयौं घाइते छन् र कतिपय जीवनमरणको दोसाँधमा पनि छन् । यही मौका हो भनेर वर्षमान पुनले २, ३ सयलाई मार्ने योजना छ भनेर जुन खबर बाहिर ल्याएका छन्, त्यो कांग्रेस, साखलाई सिध्याउने षडयन्त्रमात्र हो भनेर सत्ताधारीले बताएको स्थिति छ ।

हुन पनि चार दलीय सहमतिका जगमा जुन संविधान बन्दैछ, जुन संघीयता र सिमांकन भएको छ, यसमा जनताको सहमति नहुनुमा चारै दल जिम्मेवार छन् भने कसरी कांग्रेस र एमालेमात्रै जनतामारा हुनसक्छन् र ? पर्यवेक्षकहरू भन्छन्– चार दलको अकर्मण्यताको प्रतिफल हो देशव्यापी रूपमा उठेको जनआन्दोलन ।

# मधेसी मोर्चा वार्तामा नबस्ने

काठमाडौं । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले ०६४ फागुन ४ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र मोर्चाबीच भएको ८ बुँदे सहमति कार्यान्वयन नहुँदासम्म संघीयताका विषयमा कसैसँग वार्ता नगर्ने जनाएको छ ।

मोर्चाले आन्दोलनलाई थप सशक्त बनाउने भएको छ । तराई मधेस लोकतान्त्रिक पार्टीको बिजुलीबजारस्थित कार्यालयमा बुधबार बसेको बैठकले मधेसका जिल्लामा जारी आन्दोलनलाई थप सशक्त बनाउने निर्णय गरेको हो । विगतमा भएको सहमति कार्यान्वयन हुने अवस्था नभएसम्म सरकारसँग वार्ता नगर्ने बैठकले निष्कर्ष निकालेको छ । मोर्चाले आन्दोलनलाई सशक्त बनाउन थारु, जनजाति र मुस्लिमसँग सहकार्य गर्ने भएको छ । सद्भावना अध्यक्ष राजेन्द्र महतोले विगतमा सरकारसँग भएका अ सहमति कार्यान्वयनका लागि दबाब दिन थारु, जनजाति र मुस्लिमसँग सहकार्य गरेर जारी आन्दोलनलाई अझ सशक्त बनाइने बताए ।

विगतमा मधेसी र थारु समुदायबीच केही असमझदारी भए पनि अहिले दुवै पक्षबीच सुमधुर सम्बन्ध रहेको उनले दाबी गरे । महतोले मधेसी र थरूहटबीच समग्र मधेस थरूहट प्रदेश वा झापादेखि पर्सासम्म मधेस प्रदेश र परासीदेखि कैलालीसम्म थरूहट प्रदेश बनाउने दुई विकल्पमा सहमति भइसकेको जानकारी दिए ।मोर्चाले आफूहरूले कुनै नयाँ माग अघि नसारेकाले सरकारसँग अर्को वार्ताको आवश्यकता नरहेको भन्दै तत्काल यसअघिको सहमति कार्यान्वयन गर्न आग्रह गरेको छ । विगतको सहमतिका आधारमा संविधान जारी गरे आफूहरूलाई मान्य हुने मोर्चाको निष्कर्ष छ । बैठकमा मोर्चामा आबद्ध सबै दलका सभासद्ले संविधानसभा र व्यवस्थापिका संसद्बाट राजीनामा दिने विषयमा समेत छलफल भएको थियो । तर, सद्भावना पार्टीबाहेकका अन्य दल तत्काल राजीनामा दिन नहुने अडानमा रहेपछि निर्णय हुन सकेन । सद्भावना पार्टीका पाँच सभासद्ले भने बुधबार राजीनामा दिएका छन् ।

## यहाँ...

साथ दिइरहेको 'शाहवंशीय राजतन्त्र'को छिनोफानो नभइ र गर्न नखोजी यो संविधान जारी हुनै नसक्ने तर्क गर्छन्– तिनीहरू । तिनका अनुसार जबसम्म राजतन्त्रलाई कतिसम्मको स्थान दिने ? त्यो छिनोफानो हुँदैन, तबसम्म यो संविधान जारी हुनै सक्दैन । होला, ०४७ सालकै संविधान पुर्नस्थापित नहोला । तर राजतन्त्र त हुनै पर्छ । बाँकी हिजो आफैंले राजतन्त्रविरूद्ध भड्काएका कार्यकर्ताहरूलाई ठीक पार्ने काम, त्यो यी नेताहरूको हो । कार्यकर्ताहरूलाई कसरी ठीक पार्ने त्यो यिनले आफैंले बुझुन् ।

फेरि अर्को प्रश्न, अब अन्तिम समयमा कसरी यो सम्भव होला ? त्यो पनि यी नेताहरूकै टाउको दुखाई हो । त्यो यिनले नै जानुन् । तर, कुरा के हो भने यदि राजतन्त्रलाई 'स्पेस' दिइएन भने यिनीहरू यो पटक पनि नराम्ररी फेल हुनेछन् । त्यो चाहिँ पक्क छ । जबसम्म यो मुख्य मुद्दालाई नजरअन्दाज गरिन्छ, तबसम्म कुनै पनि हालतमा यो संविधान निर्माण सम्भव छैन । बुझौं, हिजो नितान्त उत्तरी ध्रुव र दक्षिणी ध्रुव एक भएर राजतन्त्र र हिन्दूधर्मलाई अनाधिकृत रूपमा जसरी फ्याँके, त्यो नै गलत थियो । त्यो अहिलेको स्थितिले प्रष्ट पारेकै छ । भनौं न, राजतन्त्र समाप्त हुँदा एक हुनेहरू गणतन्त्रलाई संस्थागत गर्न किन एक हुन सक्दैनन् ? यदि मुख्य कुरा गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता नै हो भने बाँकी 'प्राविधिक' कुराहरू त पछि पनि संशोधन गर्दै मिलाउन पनि सकिन्छ नि ! तर किन यति पनि हुन सक्दैन ? किन त मुख्य गणतन्त्र नै संस्थागत हुन सकिरहेको छैन ? फेरि पनि भनौं हिजोको परिवर्तन नै गलत थियो । त्यसैको फल यी दलहरूले अहिले भोगिरहेका छन् । त, शाहवंशीय राजतन्त्रलाई जसरी पनि स्पेश दिनै पर्छ । बरू अब आत्मालोचना गर्न सुरू गरे हुन्छ । यदि मुख्य गणतन्त्र र संघीयता अनि धर्मनिरपेक्षता हो भने यथास्थितिमा यही विषयबस्तु अन्तर्गत संविधान जारी गरेर देखाउन सकून ? छ त ताकत ?

सूचनाको हक
नागरिकको मौलिक
अधिकार हो

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार